Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- १५, २०७६ साल मंसीर १७ गते मंगलबार (Dec 3, 2019) www.janaakash.com.np मुल्य रु १०।-

## दमकमा कार्कीहरुको बैठक




काठमाडौं । सुतार कार्की सेवा समितिको छैठौं पुर्ण बैठक र १९ औं केन्द्रीय साधरणसभा झापाको दमकर ोडस्थित सुतार कार्कीहरुको कुलथान भवनमा यही २१ गतेवाट साधरणसभा तथा बैठक हुने र उक्त बैठकले सुतारहरुको इतिहाँस,बशंज, लगत राख्ने, आफ्ना परम्परागत अशल कामहरु के के छन् त्यसलाई संरक्षण गर्नुको साथै देवाली कुल पुजा राष्ट्रिय पर्वको रुपमा मनाउने बशांवली प्रकाशन गर्ने देशभरी छरिएर रहेका सुतार कार्की बन्धुहरुलाइ एकताबद्ध गराउने छलफलमा प्रस्तावहरु राख्ने सुतार कार्की सेवा समितिले जानकारी दिएको हो । उक्त कार्यक्रमको आयोजना सुतार कार्की सेवा समितिले र ब्यवस्थापन सुतार कार्की पुर्वअञ्चल क्षेत्रिय समितिले संयुक्त रुपमा आयोजना गर्न लागेको जानकारी प्राप्त भएको छ ।

# सागको भव्य उद्घाटन

- कमल अधिकारीलाई भारोत्तोलन बोक्ने सौभाग्य ।
- जीत बहादुर के.सी.ले टर्च भित्र्याए ।
- उमेश मास्के, राजेन्द्र भण्डारी, नयना शाक्य, बैकुण्ठ मानन्धर, दिपक विष्टलगायतले सार्कको टर्च घुमाए ।
- पारस खड्का र दीपक थापाले लिए शपथ ।
- आनन्द कार्कीलगायत राष्ट्रिय कलाकारले रंगशाला तताए ।


फोटोः सुभाष सुनुवार

गत आइतबार दक्षिण एसियाली खेलकुद साग भव्य रुपमा नेपालको राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुभएको थियो । रंगशालामा साग राष्ट्रहरुको लेजरबाट देशको आकार बनाएर सजाइएको थियो भने खेलाडी खेलप्रेमी दर्शक, सेना, प्रहरी, पत्रकार देश विदेशका पाहुनाहरु रंगशालामा जम्मा भएका थिए । खेलकुदसँगै नेपालले २०२० को नेपाल भ्रमण वर्षको पनि उक्त अवसरमा प्रचार गरेको थियो ।

अन्तराष्ट्रिय प्रतियोगीतामा नेपाललाई पहिलो पदक जिताउने जितबहादुर केसीले सागको टर्च रंगशाला भित्र्याएपछि अन्य ओलम्पियन खेलाडीहरु उमेश मास्के, राजेन्द्र भण्डारी, नयना शाक्य, बैकुण्ठ मानन्धर, दीपक विष्टले संयुक्त रुपमा टर्चलाई रंगशालाको मैदान वरीपरी सेलरोटी आकारमा घुमाएका थिए ।

कार्यक्रमलाई सभ्य र भव्य बनाइएको थियो । त्यस कार्यक्रमलाई नेपालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरु आनन्द कार्की, कुन्ती मोक्तान, सत्यराज आचार्य, इन्दिरा जोशी, मिलन नेवाले साग सम्बन्धी गीत गाएर रंगशालाको चिसो वातावरणलाई तताएका थिए ।

स्वास्थ्यका लागि खेलकुद, जीवनका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद नेपाल र नेपालीका लागि खेलकुद भन्ने नारा हाम्रो जनआकाश मिडियाले पनि उठान गर्दै आएको छ र आफ्नो देशको प्रतिष्ठा, सान र सबै नेपालीको अनुहारमा खुसी ल्याउन

बाँकी ८ पृष्ठमा

## गौरी पब्लिकद्वारा लक्ष्मीरानी सम्मानित

काठमाडौं । लक्ष्मीरानी चलचित्र निर्माता तथा निर्देशक शुभेक्षा थापा सम्मानित हुनुभएको छ । गौरी पब्लिक एण्ड रिलेशन प्रा.लि.ले अस्ति आइतबार सिटी म्याक्सको हलमा कार्यक्रम गरी लक्ष्मीरानी फिल्म नेपालको सामाजिक न्यायमा आधारित चलचित्र भएको र नेपाली समाजमा लक्ष्मीरानी



चलचित्रले धेरैभन्दा धेरै नेपालीहरुलाई विशेषत नारीहरुको विषयमा न्याय गरेको भनि सम्मान गरेको गौरी पब्लिकेशका अध्यक्षले कार्यक्रममा बताउनु भएको थियो ।

त्यस कार्यक्रमको सभापतित्व आधुनिक साहित्य परिषद्का अध्यक्ष मुरली प्रसाद ढकाल, प्रमुख अतिथि घनश्याम परिश्रमी रहनुभएको थियो । सम्मान कार्यक्रम सकिएलगत्तै चलचित्र हलमा देखाइएको थियो । चलचित्रमा सबैभन्दा महत्वपूर्ण पक्ष र मर्मस्पर्शी एउटा सामन्य परिवारको मानिसलाई काठमाडौंमा बस्न, खाना, पढ्न कति अप्ठ्यारो पर्छ र त्यो अप्ठ्यारोलाई झेल्न हिम्मत गर्यो भने अवसर पनि प्राप्त हुन्छ र प्रगती गर्न सकिन्छ भन्ने देखाइएको छ । अर्कोतर्फ माओवादी बाँकी ८ पृष्ठमा

# भक्तपुरमा भँडेलको शानदार जित



भक्तपुर । भक्तपुर क्षेत्र नम्बर १ ‘क’ मा नेपाली कांग्रेसले प्रदेश सभामा शानदार जित हासिल गरेको छ । तत्कालीन एमालेले जितेको यो क्षेत्रमा नेपाली कांग्रेसका कृष्णलाल भँडेलले शानदार मत ल्याएर विजयी भएका हुन् ।

नेपाली कांग्रेस उम्मेदवार कृष्णलाल भँडेल १३ हजार ७ सय ४८ मतसहित प्रदेशसभा सदस्यमा विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार डीपी ढकालले ११ हजार २ सय १० मत पाएका छन् ।

नेमकिपाका निरज लवजुले ५ हजार ८२९ मत पाएका छन् । नेपाली कांग्रेस भक्तपुरका सभापति दुर्लभ थापाको कमाण्डिङमा भक्तपुरको उपनिर्वाचन भँडेलले जितेका हुन् ।

यसैवीच, सभापति दुर्लभ थापाले प्रदेशतर्फको निर्वाचनमा कृष्णलाल भँडेललाई विजयी बनाएर भक्तपुरका जनताले दुईतिहाइको कम्युनिस्ट सरकारलाई दम्भ छाड्न निर्देशन दिएको बताएका छन् ।

आइतबार मतगणनाको अन्तिम परिणाम सार्वजकि भएपछि नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त)ले भक्तपुरमा आयोजना गरेको संयुक्त विजय सभालाई सम्बोधन गर्दै थापाले निर्वाचनमार्फत जनताले कम्युनिस्टहरूको दम्भ तोडिदिएको बताएका हुन् ।

‘निर्वाचनका क्रममा कम्युनिस्टहरूमा जुन खालको दम्भ थियो त्यो दम्भ हिजोबाट निर्वाचनमार्फत तोडेका छौँ । यो दम्भलाई तोड्ने कार्यलाई निरन्तरता दिनेछौँ’, उनले भने, ‘देशमा दुईतिहाइको सरकार छ । प्रदेशमा पनि कम्युनिस्ट सरकार छ । अधिकांश स्थानीय तहमा पनि कम्युनिस्ट सरकार छ ।’

‘कम्युनिस्टहरूले विगतमा निर्वाचनमा जसलाई जागिर खुवाउँछु भन्नुभएको छ । उनीहरूले कांग्रेसलाई साथ दिनुस् । झुठ बोल्ने कम्युनिस्टहरूलाई घाँटीमा समातेर जनताका माझ उभ्याउने छौँ’, सभापति थापाले भने, ‘निर्वाचनको बेलामा झुठो बोल्न पाइँदैन ।’

भक्तपुरमा निर्वाचनमा मतदाताहरूलाई प्रभावित बनाउन सडकमा डोजर चलाएर आँखामा छारो हाल्न खोजेको भन्दै सभापति थापाले

बाँकी ८ पृष्ठमा

# यसरी भयो चितवनमा कम्युनिष्टको हरिविजोग

मोहन पोखरेल



चितवन । रिक्त रहेका वडा अध्यक्षको उपनिर्वाचनमा काँग्रेसका उमेदवारले विजय हासिल गरेका छन् । काँग्रेसले यो उपनिर्वाचनमा विजय प्राप्त गर्नु र नेकपाका उमेदवारले हानुको मुख्य कारण बारे गहिरो विश्लेषण गरिएको छ । पूर्व प्रधानमन्त्री, नेकपाका कार्यवाहक अध्यक्ष र सासद समेत रहेका पुष्पकमल दाहाल उर्फ प्रचण्डको गृह जिल्ला भनेर चिनिएको चितवनमा एक्कासी कम्युनिष्ट उमेदवारहरुको पत्तासाफ हुँदा प्रचण्डको राजनीति अव समाप्ती तिर लागिसकेको काँग्रेस वृत्तमा चर्चाको विषय बनेको छ भने एमाले आएका केही नेतामा पनि प्रचण्डका बाबु छोरीको राजनीतिक कार्यशैली यसमा जिम्मेवार भएको भनाई रहेको छ ।

अध्यक्ष प्रचण्डले बारम्बार भन्दै आएको एउटा तथ्य कुरो के हो भने चितवन उनको कर्मभुमीको हो र उनले चितवनमा जे चाहन्छन् त्यही हुन्छ । छोरी रेणु दाहाललाई काँग्रेससँग सहकार्य गरेर स्थानीय निर्वाचनमा नगर प्रमुखमा जिताउन प्रचण्डको ठुलो भूमिका रहेको थियो । सफल पनि भए, यसमा आश्चर्य मान्नु केही छैन । सधैंभरी चितवनलाई कब्जामा लिएर कम्युनिष्टको राजनीति थलो बनाउन खोज्ने प्रचण्डको सपना यतिखेर चकनाचुर हुनाको

बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# प्याज उत्पादनमा ध्यान दिउँ

**अहिले बजारमा प्याजको चर्चा निकै बढेको छ । त्यो चर्चा त्यत्तिकै बढेको होइन एक केजी प्याजको मुल्य बजारभाउ २३० रुपैयाँ पुगेको छ । यो निकै महँगो हो ।**

**नेपाल आफै कृषि प्रधान देश हो । यहाँ चराले कुनै फलफूल खाएर दिसा हग्यो भने पनि त्यो फलफुलको बोट उम्रिन्छ । नेपालमा हरेक ठाउँ र विशेषता फरक फरक माटो भएका ठाउँमा फरक फरक अन्नबाली, तरकारी, फलफुल फलाउन सकिन्छ कतिपय ठाउँमा फलाइरहेका छन् कतिपय ठाउँमा आफै उम्रेर फलेका छन् ।**

**यतिबेला भने समस्या कृषि पेशाप्रति मानिसहरुको रुची नहुनु, कृषिप्रधान देश भनेर किताबमा पढाउने, भाषणमा हुने तर वास्तविक किसानहरुले गरेको परम्परागत खेतीबाट आफ्नो जिविकोपार्जन नचल्दा कृषि पेशाप्रति मानिसहरुको आकर्षण घटेको यथार्थ हो ।**

**यतिबेला प्याजको मूल्य बढेर आकाशिँदो अवस्थामा पुग्दा नेपालले पनि प्याज धेरै भन्दा धेरै उत्पादन गरेको भए त्यसको फाइदा नेपालले पनि लिन सक्थ्यो । नेपाली किसान लाभान्वित हुने थिए । यहाँ त्यस्तो अवस्था होइन् । हाम्रो देशमा प्याजको उत्पादन जम्माजम्मी ४० प्रतिशत मात्र भएको देखिन्छ ।**

**उत्पादन बढाउन गर्नुपर्ने कार्यहरु गहिरो ढंगबाट गरेको देखिँदैन यो प्याजको विषयमा मात्र होइन हाम्रा बाउबाजेले खेती गर्दै आएका जमिनहरु अचेल बाँझोमा परिणत भएका छन् यस्तो अवस्थामा आउनु आफैमा लाजमर्दो विषय हो । त्यो हुँदाहुँदै गर्दा सम्बन्धित पक्ष कृषि प्रधान देश लेख्ने, पढाउने बिज्ञहरुलाई यो कुरा थाहा हुनुपथ्र्यो । किसानहरुलाई प्रोत्साहन गर्ने, तालिम दिनुपर्छ, किसानले उत्पादन गरेको फलाएको तरकारी बजारमा पुऱ्याउन गाडीको व्यवस्था गरिदिनुपर्छ, बाटो बनाइदिनु पर्छ कुन समय कुन खेती गर्ने खेती गर्नको माटो परिक्षण, हावापानीको मूल्यांकन गरी किसान र विज्ञको परामर्श हुनुपथ्र्यो नेपालमा ती सबै सिंहदरबारको दराजभित्र र केही क्षेत्रीय कार्यालय, जिल्ला कार्यालयमा सीमित बनेर बसेका कृषिका निकायहरुले राख्ने लगत तथ्य वस्तुगत नभएर कागजी भएकै कारण कुनैबेला गोलभेडाको अभाव, कुनैबेला प्याजको अभाव, कुनैबेला लसुनको अभाव महँगी जस्ता उपभोग्य वस्तुको समस्या नेपाली उपभोक्ताले व्यहोर्दै आउनु परेको हो ।**

**कतिपय ठाउँमा त किसानले फलाएको तरकारी फलफूल गाउँबाट बजारमा लैजान यातायात नहुँदा र बजार पनि सानो भनेको बेलामा बिक्री नहुने ठुला बजारमा पुऱ्याउनलाई नपुग्ने थोरै सामानको भाडा लाग्ने जस्ता कारणहरुले उत्पादन हुन नसकेको हो । भूमि प्रशस्त भएको नेपालमा कृषिका उत्पादन गर्न छोड्दै गएको देखिन्छ ।**

**नेपालमा जलस्रोत अथाहा भएपनि त्यसको सदुपयोग गर्न किसानहरुको लागि नहर सिचाईको व्यवस्था राम्रोसँग भएको छैन । यी कामहरु गरेर मल, बिउ, विजन, भण्डारण, बिक्री केन्द्रहरु निर्माण गरी देशभरीका किसानहरुलाई जागरुक गराएर कृषिबाट मनग्य आम्दानी लिन सकिन्छ भन्ने आत्मविश्वास किसानहरुको बढाउने र सबैले काम गर्ने वातावरण बनाउनुपर्छ त्यसपछि एउटा प्याजको लागि होइन लाखौं टन प्याज उत्पादन गरेर हामी बेच्न सक्छौं । यतापटी सबैको ध्यान जानुपर्छ ।**

**अर्कोतर्फ प्याज महँगो भएको बेला प्याज नखाँदा खासै असर पुग्दैन नेपालीहरुले कुनै कुनै खानामा नहाली नहुनेमा थोरै प्रयोग गर्ने र प्याज प्रयोग नगर्दा पनि मिल्नेछ भने प्याज प्रयोग नगर्ने गरेर २३० पुगेको प्याज बहिष्कार गर्न सकिन्छ ।**

**प्याज निर्धक्क खाने हो भने आजैबाट बाँझोमा परिणत भएका बारीहरु खन्न थालौं प्याज रोपौं, लसुन रोपौं, गोलभेडा रोपौं किन्नै पर्दैन आफ्नै बारीमा फल्छ । यसरी हामीले काम गर्नुपर्छ ।**

# प्रतिपक्षी नेताको ठुलो महाभूल

मोहन पोखरेल

**अहिले मुलुकमा झण्डै दुई तिहाइको कम्युनिष्ट सरकार छ । तर जनताको अपेक्षा बमोजिमको सरकार चल्न सकेको छैन । भारतसँग नेपालको गुमेको भूभाग फिर्ता गर्नका लागि यो सरकारले आवश्यक कुटनीतिक पहल अहिलेसम्म सकेको छैन । यसो हुँदा सरकार कुटनीतिक रुपमा फेल हुन लागिसकेको पुष्टि हुनेछ ।**



नेपाली काँग्रेस तथा प्रतिपक्ष दलका नेता शेरबहादुर देउवाले पोखरामा गरेको एउटा भाषणले सबैको रौं ठाडो बनाइदिएको छ । पूर्वप्रधानमन्त्री समेत रहेका देउवाले यसरी राष्ट्रियतालाई बन्धक राख्दै एउटा चुनावी सभामा दिएको भाषण निश्चय पनि उनको प्रतिष्ठा गुम्ने खालको थियो । हुन त यिनले आफ्नो मान प्रतिष्ठा कहिले जोगाएका छन् र । पार्टीको समेत प्रतिष्ठा गिराएर प्रतिपक्षीको भूमिका समेत खेल्न नसक्ने देउवा र उनको पार्टी नेपाली काँग्रेस यतिखेल नाजुक अवस्थामा छ । निर्वाचन जित्नकै लागि प्रधानमन्त्री केपी ओली माथि राष्ट्रियताको प्रश्न उठाउँदै गम्भीर आरोप लगाउनु देउवाको महाभूल मात्रै होइन, पार्टीकै अस्तित्व गुम्नु हो र अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीहरुको साख गिर्नु पनि हो ।

प्रश्न उठ्छ के प्रधानमन्त्री के.पी. ओली राष्ट्रियताका पक्षधर होइनन् ? निश्चत पनि मुलुकको बागडोर सम्हालेको व्यक्ति राष्ट्रियताको पक्षधर हुन् । यसमा कुनै शंका रहँदैन । प्रधानमनत्रीले ल्याप्चे ठोकेर भारतलाई लिम्पियाधुरा देखि लिपुलेक र कालपानी हस्ताक्षर गऱ्यो भन्ने प्रतिपक्षी दलका नेताको आरोप कपोलकल्पित र भ्रामक हो भन्नुमा कुनै दुईमत छैन । यो विषय त उनकै पार्टीका दोश्रो तहका नेता डा. शेखर कोइराला र प्रवक्ता विश्वप्रकाश शर्माले के कुरा उठाएको हो यस्तो ? भनेर प्रश्न गरिसकेका छन् ।

सरकार जतिसुकै अविवेकी, भ्रष्टाचारी किन नहोस्, देशै बेच्ने खालको आरोप लगाएर आफ्नो चुनावी मुद्धा सम्बोधन गर्न खोज्नु पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाका लागि कदापी राम्रो मानिँदैन । किनकी उनी खारिएका प्रजातन्त्रवादी नेता हुन् र विपी कोइरालाका विश्वासपात्र पनि हुन् । तर संघीय गणतन्त्रमा नेपाली काँग्रेस समावेश भइसकेपछि गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा विपी कोइरालाका असली अनुयायी रहेनछन् भन्ने पुष्टि हुन्छ । किनकी नेपाली काँग्रेसका नेता विपी कोइराला गणतन्त्र पक्षधर थिएनन् । कम्युनिष्टसँग कहिल्यै पनि घाँटी जोड्न हुँदैन भन्ने सिद्धान्तमा आधारित हुनुहुन्थ्यो विपी कोइराला ।

अहिले मुलुकमा झण्डै दुई तिहाइको कम्युनिष्ट सरकार छ । तर जनताको अपेक्षा बमोजिमको सरकार चल्न सकेको छैन । भारतसँग नेपालको गुमेको भूभाग फिर्ता गर्नका लागि यो सरकारले आवश्यक कुटनीतिक पहल अहिलेसम्म सकेको छैन । यसो हुँदा सरकार कुटनीतिक रुपमा फेल हुन लागिसकेको पुष्टि हुनेछ । परराष्ट्र सचिवस्तरमा वार्ता गर्नका लागि भारतलाई पत्र पठाउँदा भारतले आनाकानी गर्नु नै सरका फेल हुन लागि सकेको संकेतको रुपमा लिनुपर्छ ।

कसैले खायो भन्नु भन्दा पनि हाम्रा गतिविधिका आफ्नै कारण जिम्मेवार छनकि भन्ने आफूमा महशुस हुनुपर्छ । हामीले आफ्नै नेपालको नक्सामा लिम्पियाधुरा देखि लिपुलेक हुँदै कालापानी सम्मको भूभागलाई अहिलेसम्म किन समेट्न सकेनौ ? हामी कमजोर हुनाको कारण यो पनि छ । भारतले यसैको फायदा उठाउँदै नेपालको भूभागलाई आफ्नो नक्सामा समेटेको छ । कुटनीतिक हिसाबले उच्चस्तरको वार्ताद्धारा यसको समाधान चाँडै खोजौ । अन्यथा यसको परिणाम भयावह बन्न सक्छ ।

# भारतले छिमेकी नीतिमा परिवर्तन गर्नैपर्छ

**राजीव रञ्जन शांघाई**

चीनको उदयले अन्तर्राष्ट्रिय तहमा कायम रहेका केही मापदण्ड या आदर्शमा चुनौती सिर्जना गरेको छ । शित युद्ध लगतै स्थापित भएका मापदण्ड या आदर्शहरु यसमा पर्छन् । अमेरिकी राजनीतिक शास्त्री फ्रान्सिस फुकुयामा आफ्नो सिद्धान्त 'इन्ड अफ हिस्ट्री' परिवर्तन गर्न बाध्य भए । दक्षिण एसियाले नयाँ सत्य स्वीकार गरिरहेको छ । तर भारत भने पछाडि नै देखिएको छ अर्थात ब्याकवार्ड नै छ ।

भारतीय उपमहाद्विपका देशहरुले चीन तर्फ नजर लगाएका छन्, पूर्वाधार विकासको सहजकर्ता र आर्थिक सहयात्रीका रुपमा मात्रै होइन, सुरक्षा प्रदायक तथा यो क्षेत्रमा राजनीतिक स्थायित्व स्थापनको स्रोतका रुपमा पनि । अधिक भारतीय सामरिक विज्ञहरु गम्भीर रुपमा विचार नगरी छिमेकीहरुमाथि विजय प्राप्त गर्न सकिन्छ भन्ने सोचमा रुमलिएका छन् ।

भारत केही छिमेकी देशहरुबाट टाढिँदै गएको छ, यसको कारण चीनको बढ्दो प्रभाव मात्रै होइन । सम्बन्ध व्यवस्थापनमा नयाँ दिल्लीको रणनीति पनि कारक छ । बेइजिङ्गलाई काउन्टरव्यालेन्स गर्ने खालका क्रियाकलापमा लाग्नुको साटो, नयाँ दिल्लीले आफ्नो छिमेक नीतिमा पुनर्विचार गर्नु पर्ने बेला आएको छ, यो क्षेत्रको रणनीतिक फाइदा तथा सहयोगीको विश्वास भने कायम राख्न सक्नु पर्छ र यसको लक्ष्य सबैको आर्थिक समुन्नति तथा शान्तिपूर्ण क्षेत्र हुनु पर्छ ।

राजनीतिक परिधिमा नयाँ दिल्लीले बेइजिङबाट परामर्शकला र एक राजनीतिक दलको सट्टा देशको सरकारसँग सहकार्य गर्न सिक्नु पर्छ । भारतको छिमेक नीतिमाथिको सामान्य अध्ययनबाट नयाँ दिल्ली विशेष राजनीतिक दलसँग सहज देखिने गरेको खुलेको छ । जब छिमेकी देशमा विपक्षमा रहेकाले सरकार बनाउँछन्, तब भारत आफूलाई लाजमर्दो अवस्थामा पाउँछ । उदहारणको रुपमा, नोभेम्बर १६ मा भएको चुनावमा श्रीलंकाको राष्ट्रपतिमा गोटबाया राजापाक्षको जितपछि भारत सतर्क बनेको छ किनकी राजापाक्षको पार्टी केही रुपमा चीनतर्फ नजिक देखिएको छ । बंगलादेशमा भारतका लागि शेख हसिनाको अवामी लिगसँग सजिलो छ विपक्षी बंगलादेश नेशनलिस्ट पार्टीसँग राम्रो सम्बन्ध छैन ।

एक पार्टीमाथि पूर्ण साथ र विश्वास गर्दा त्यो पार्टी वा व्यक्तिले नयाँ दिल्लीप्रति उपयुक्त व्यवहार गर्छ वा उपयुक्त नीति अंगिकार गर्छ भन्ने निश्चित हुँदैन । माल्दिभ्सका माएमून अब्दूल गैयूमको रक्षाका लागि भारतले गरेको सैन्य हस्तक्षेपले उनलाई चीनको पक्ष लिनबाट रोक्न सकेन । त्यसैले भारतले जनताको म्याण्डेटलाई सम्मान गर्नु पर्छ र छिमेकी देशका सरकारसँग दीगो सम्बन्ध स्थापित गर्न सक्नु पर्छ ।

साना छिमेकी देशहरु चीनसँग सुरक्षा सहकार्य स्थापित गर्न इच्छुक देखिएका छन् र यसको कारण चीनले गर्ने सुरक्षा सहयोग हो । नयाँ दिल्लीले आफ्नो छिमेक नीतिको दिशा तथा प्राथमिकता बारे पुनर्विचार गर्नका लागि रणनीतिक परिवर्तन गर्ने सम्बन्धमा गम्भीर रुपले मनन गर्नु पर्ने देखिन्छ । आर्थिक सहयोग वा साथमा गरिने वृद्धिले मात्रै भारतीय छिमेकीलाई भारतको सरकारप्रति विश्वास दिलाउन सक्ने देखिएको छैन ।

कूटनीतिमा पूर्वाधारण विकास र आर्थिक सम्बन्ध वा सम्पर्क नयाँ हतियार बनेका छन् ।

दक्षिण एसियाली देशमा अझै पनि राम्रो पूर्वाधारको अभाव छ र आर्थिक वृद्धि पनि कमजोर छ । चीनले प्रस्ताव गरेको बेल्ट एण्ड रोड इनिसिएटिभ अन्तर्गत, बेइजिङले छिमेकी देशलाई नयाँ राजमार्ग, रेल मार्ग र आर्थिक वृद्धिका लागि अत्यावश्यक अरु पूर्वाधार निर्माणमा सहयोग गरिरहेको छ । नयाँ दिल्लीले पनि बेजिइङबाट लगानी आकर्षित गर्नका लागि प्रयास गरिरहेको छ । तर यहि बेला नयाँ दिल्लीले बे अफ बंगाल इनिसिएटिम फर मल्टी-सेक्टोरल टेक्निकल एण्ड इकोनोमिक कोअपरेशन (बिआइएमएसटिइसी) र इन्डो-प्यासिफिक रणनीति प्रस्तुत गर्नुले साना देशहरुलाई बहुविकल्पबाट एउटा छान्न असहज बनाएको छ । त्यसकारण यी देशहरुले शित युद्ध ताकाको भारतीय विदेश नीतिका केही प्रशंगहरु उठाइरहेका छन्, जसले राष्ट्रिय स्वार्थ वृद्धि गर्ने पक्षमा वकालत गर्छ । नयाँ दिल्लीले यी देशहरुलाई एक पक्ष रोज्न भन्दा उनीहरुका लागि के उपयुक्त हुन्छ भन्ने रोज्न स्वतन्त्र छोड्नु पर्छ ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मा नयाँ दिल्लीको प्रतिबद्धता दुर्वल हुँदै गएको छ पाकिस्तानसँगको तनावपूर्ण सम्बन्धका कारण । यसले यो क्षेत्रको विश्वसनीय र जिम्मेवार पक्षका रुपमा भारतको विश्वास खण्डित भएको छ । यसकै कारण सार्कलाई पुनर्ताजगी गर्न लामो समय लाग्ने छ र क्षेत्रीय नेतृत्वमा भारतमाथिको विश्वास र भरोसा स्थापित गर्न पनि ।

नागरिक तहको सम्बन्ध सँगै सांस्कृतिक तथा भौगोलिक निकटताका आफ्नै बेफाइदाहरु छन् । समान भाषा बोल्ने भएका कारण सीमा क्षेत्रमा तीव्र गतिमा घृणाको प्रसार हुन सक्छ, जसले आपसमा नयाँ घृणाको बिजारोपण र भएकोलाई थप सघन बनाउँछ । त्यसकारण राजनीतिक नेतृत्व र सञ्चार जगतले उत्तेजनात्मक वक्तव्य या सामग्रीमा नियन्त्रण गर्नु अति आवश्यक छ । भारत-चीन तनावको सम्बन्धमा केही सन्देशहरु हराउँछन् भाषिक अवरोधका कारण । सामूहिक बोलिचालिको भाषा अंग्रेजीमा प्रदान नगरिएसम्म अनुवादका सन्देश या वक्तव्यहरुको प्रभाव कम नै हुन्छ ।

संक्षेपमा, भारतको छिमेक नीति छिमेकमाथि जित प्राप्त गर्ने 'रिजनल पावर गेम' बाट स्वतन्त्र हुनुपर्छ । सार्क मातहतमा साझा रणनीति बनाएर क्षेत्रीय स्तरमै सहकार्यात्मक समृद्धि ल्याउने नीतिमा जोड दिइनु पर्छ ।

(लेखक विश्वविद्यालय अन्तर्गतको इन्स्टिच्युड अफ ग्लोबल स्टडिज, सेन्टर फर एसियन स्टडिजका कार्यकारी निर्देशक हुन् । यो लेख ग्लोबल टाइम्सबाट साभार गरिएको हो ।)

Green Hut Lounge
&
Cafe with Banquet
तपाईहरुको सेवामा सधैं समर्पित छ ।
स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थानः चण्डोल चोक, काठमाडौं
सम्पर्क नम्बरः०१–४४३४११३

# भारतसँग युद्ध नै एकमात्र अन्तिम विकल्प हो

**० यतिबेला भारतले नेपालको भूमि आफ्नो राजनीतिक नक्शामा समेटेर सार्वजनिक गरेको छ । यस विषयमा तपाईको मत के छ ?**

यसलाई हामीले नेपालको सार्वभौमसत्तामाथिको हमलाको रुपमा लिएका छौं । यो सीमा विवादको विषय नै होइन । यसलाई प्रोक्सी एग्रेसन भनिन्छ । यस्ताखाले दुष्ट हर्कत प्रतिकारयोग्य नै हुन्छ । यदि देशमा देशभक्त सरकार थियो भने भारतले गतिलो जवाफी कारवाही भोगिसक्ने थियो । यो निर्लज्ज नामर्दो र निम्छरो सरकारका कारण नेपाली जनताको नूर गिरेको छ भने बैरीको हौसला बढेको छ ।

निर्विवाद नेपाली भूमि लिम्पियाधुरा, कालापानी, लिपुलेकमा धेरै अघिदेखि नै भारतले बखेडा झिक्दै आएको थियो । उक्त भूमिमा अवैध घुसपैठ तथा सैन्य उपस्थिति राख्दै आएको थियो । छिमेकी भएको नाताले नेपालले वार्तालाई नै प्राथमिकता दिँदै आएको थियो । सुस्ता र कालापानीको सम्बन्धमा दुबै देशका परराष्ट्रमन्त्री स्तरीय संयन्त्र मार्फत काम भइरहेको छ भन्ने पनि सुनिन्थ्यो । तर हठात भारतले नोभेम्बर २, २०१९ मा उक्त भूमि समेटेर आफ्नो राजनीतिक नक्शा सार्वजनिक गऱ्यो । यस घटनाले देशभक्त नेपाली जनताको भारतप्रतिको आक्रोश अझ तिब्ररुपले बढाएको छ । यसको छिनोफानो युद्धले मात्र गर्न सक्छ भन्नेमा सबै देशभक्त नेपाली जनता एकमत हुनुहुन्छ । तर सरकारको काम कारवाही भने शंकास्पद देखिन्छ । समयमा नै नेपाली जनताको भावनाको प्रतिनिधित्व गर्न यो सरकारले सकेन भने नेपाली जनताको आक्रोश सरकारप्रति तिब्र रुपले बढ्नेछ । देशको परिस्थिति नियन्त्रण बाहिर जान पनि सक्छ ।

हाम्रो भूमि तथ्य प्रमाणको अभावको कारणले होइन कि फौजी प्रत्याक्रमण नभएको कारणले भारतको अवैध कब्जामा रहेको छ ।

**० विरोध त सबैले गरेको देखियो तर दीर्घकालीन रुपमा भारतीय विस्तारवादी नीति विरुद्ध तथ्यको आधारमा तर्कसंगत ढंगबाट अडान लिएर कसैले पनि काम गरेको त देखिएन नि ?**

यही त दुर्भाग्य हो नि । नेपालको सत्तामा अहिलेसम्म जुन-जुन पार्टी तथा व्यक्तिहरु पुगे भारतीयले दिएको हड्डीमा पालिएका दलालहरु नै पुगे । अहिले नै हेरौंन सत्तामा कुन-कुन पार्टी छन् ? प्रतिपक्षमा कुन पार्टी छ । कस्ता-कस्ता पार्टी र कस्ता-कस्ता व्यक्तिले संसदमा र सरकारमा पहुँच पुऱ्याएका छन् । यिनीहरुको भारतीय विस्तारवादी नीतिको विरुद्ध बोल्ने साहस कसरी आउला त ?

नेपालको एकलौटी हकभोगको महाकाली नदीलाई भारतीय नहरमा रुपान्तरण गराउनेहरु नै आज सत्तामा हालीमुहाली गरिरहेका छन् । राष्ट्रघाती एकीकृत महाकाली सन्धी गर्ने शेर बहादुर देउवा नै अहिले प्रमुख प्रतिपक्ष दलका प्रमुख नेता छन् । नेपाली काँग्रेसका सभापति छन् । उक्त सन्धी पारित गराउन प्रमुख भूमिका खेल्ने केपी ओली अहिले प्रधानमन्त्री छन् । झलनाथ खनाल र माधव कुमार नेपाल पनि प्रधानमन्त्री भैसकेका छन् र अहिले पनि सत्ताधारी पार्टीका प्रभावशाली नेता पनि छन ।

यता नेपली जनतालाई भुलभुलैयामा पारेर युद्धमा होमेर मराउने र उता भारतीय सत्तासँग तिमीहरुको हितविरुद्ध कुनै पनि गतिविधि गर्ने छैनौ भनेर करार गर्ने प्रचण्ड भन्ने पुष्पकमल दाहाल सत्ताधारी पार्टीका अध्यक्ष नै छन् । प्रधानमन्त्रीको कुर्सी हेरेर थुक निल्दै पनि छन् । बाबुराम भट्टराई उपेन्द्र यादवको पोल्टामा पुगेका छन् । उनी पनि सत्ता चिट्ठाको पर्खाइमा रहेको देखिन्छ ।

एकीकृत महाकाली सन्धीको विरोध गर्ने तत्कालीन नेकपा एमालेको नेताहरुको अहिलेको सत्ताधारी पार्टीमा कस्तो हालत छ देखिएकै छ नि होइन र ? त्यही सन्धीको कारण तत्कालीन (एमाले) विभाजन भएको होइन र ? नेकपा (माले) राष्ट्रवादीहरुको के हालत भयो ? आरके मैनाली त अहिले निष्कृय हुनुहुन्छ क्यारे । **सिपी मैनाली अझै पनि नेकपा मालेकै नेतृत्व गरिरहनुभएको छ ।** तर विडम्बना अहिले तिनै महाकाली बेचुवाहरु नै सत्ताका हर्ताकर्ता भएका छन् । केही सत्ता पक्षीय दलमा छन् कोही प्रतिपक्षमा छन् । अनि यिनीहरुले हाम्रो सार्वभौमसत्ता जोगाउलान् भनेर कसरी पत्याउने ?

हाम्रो पार्टी जनसमाजवादी पार्टी नेपाल पनि भारतीय विस्तारवादको विरुद्ध संघर्ष गरिरहेको छ । तर आशातित सफलता भने हासिल भइसकेको छैन । हाम्रो संघर्ष निरन्तर जारी छ र रहन्छ पनि । भारत- नेपाल युद्ध अव अवश्यमभावी भयो । युद्धको बिकल्पले काम गर्छ जस्तो हामीलाई चाहिँ लाग्दैन । तयारीतर्फ लाग्नु नै बुद्धिमानी हुन्छ । हाम्रो त कथित सुगौली सन्धी अघिको भूभागमा पनि दावी छ । त्यो जमिनमा चौलानी पोखिएको होइन नि त्यहाँ त हाम्रो बीर पुर्खाको रगत पसिना पोखिएको छ । हाम्रो भूमि हामी छोड्दैनौ । उक्त भूमि प्राप्त नहुन्जेल हाम्रो संघर्ष जारी रहन्छ । हामी उक्त भूमि फिर्ता लिन्छौं, लिन्छौं ।

**० नेपाल पनि संयुक्त राष्ट्रसंघको सदस्य हो । नेपालको वर्तमान समस्या समाधान गर्न अन्तर्राष्ट्रिय अभ्यास के-के हुन सक्छन् ।**

हो । नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र पनि हो । नेपाल सन् १९६९-१९७० र १९८८-१९८९ गरी दुई पटक संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को अस्थायी सदस्य भई कुशलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गरिसकेको देश पनि हो । नेपालले संयुक्त राष्ट्र संघको उपमहासचिव जस्तो गरिमामय जिम्मेवारी समेत सम्हालिसकेको छ । संयुक्त राष्ट्रसंघको वडापत्रलाई नेपालले सम्मानकासाथ मान्दै पनि आएको छ । संयुक्त राष्ट्र संघको शान्ति मिसनमा नेपालले सम्मानयोग्य र गर्विलो कार्य पनि गर्दै आएको छ ।

नेपालले आफ्नो समस्यालाई संयुक्त राष्ट्र संघको सम्बन्धित अंगमा राख्न अब ढिलो गर्नु पटक्कै हुन्न तर पनि भारत र नेपालबीचका समस्यालाई द्वीपक्षीय रुपमा समाधान गर्न भने भरमग्दुर प्रयास गर्नुपर्छ । किनकी संयुक्त राष्ट्र संघ पनि विवादको शान्तिपूर्ण समाधानमा नै बढी विश्वास राख्छ । नेपाल पनि विवादको शान्तिपूर्ण समाधान नै चाहन्छ । तर "जाइ कटक नगर्नु, झिकी कटक गर्नु" भन्ने मूल मन्त्रलाई हामी बिर्सन पनि सक्दैनौ नि ।

**० नेपाली भूमि कालापानीबाट भारतीय सेना हटेन र नेपालको भू-भाग हडपिराख्यो भने नेपालले के गर्नु पर्ला ?**

भारतले नेपालको निर्विवाद भूमि कालापानीमा लामो समयदेखि आफ्नो अवैध उपस्थिति राख्दै आएको छ । अझ २ नोभेम्बर, २०१९ देखि त नेपालको निर्विवाद भूमि लिम्पियाधुरा, कालापानी, लिपुलेक लगायतका भूभाग आफ्नो राजनीतिक नक्शामा समेटेर सार्वजनिक गरेको छ । भारतको यो हर्कत अक्षम्य छ । भारत सरकारको यो कदम प्रोक्सी एग्रेसन हो । नेपालको सार्वभौमसत्ता माथिको आक्रमण नै हो । भारतको यस्तो हर्कतको नेपालले जमेर प्रतिकार गर्नुपर्छ ।

अहिले नेपालमा देशभक्त सरकार थियो भने नेपालले विवादको शान्तिपूर्ण समाधानको सबै विकल्पलाई प्रयोग गरिसकेर आवश्यकता परे युद्धको घोषणा गरिसकेको हुने थियो । तर सरकार कूटनीतिक वार्तामार्फत समस्या समाधान गर्ने नाममा बेनामे प्रेस विज्ञप्ति जारी गरेर चुपचाप बसेको छ । उता भारतका सम्बन्धित अधिकारीहरुका अभिव्यक्तिहरु चाहिँ झन् पछि झन् आक्रामक र आपत्तिजनक बन्दै गएका छन् । अब युद्ध विना हाम्रो समस्याको समाधान हुने देखिन्न । भारतसँग युद्ध नै एकमात्र अन्तिम विकल्प हो ।

**० एउटा गोली त अन्तैबाट किनेर ल्याउनपर्छ । युद्धद्वारा भारतलाई जित्न सक्छौं त ?**

सक्छौं, किन नसक्नु ? नेपालको इतिहास बीरतापूर्ण इतिहास हो । हाम्रो देशको निर्माण नै विश्व साम्राज्यवादी शक्तिसँग संघर्ष गरेरै भएको हो । आधुनिक शस्त्रास्त्रले सुसज्जित ब्रिटिस सेनासँग वीरतापूर्वक लडेर आफ्नो अस्मिता जोगाएको होइन र ? रह्यो कुरा गोली त अन्तैबाट किनेर ल्याउनुपर्छ भन्ने, सम्भव भएसम्मका हातहतियार यहाँ निर्माण गर्ने हो आवश्यक परेका हातहतियार अन्तबाट किन्ने पनि हो । जे जसरी हुन्छ आफ्नो शैन्य क्षमतालाई अब्बल बनाउने हो । अझ परमाणु हतियार नै तयार गर्नुपर्छ । हाम्रो भूमिमा भारतको अवैध कब्जा हामीसँग प्रमाणको कमीको कारणले होइन कि मिलिटरी पावरको कमीको कारणले भएको हो । प्रमाण हेर्ने हो भने त सुस्ता, कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतको भूभाग मात्र होइन टिस्टादेखि सतलजसम्म २,०४,९१७ वर्ग किमी भूभाग नै हाम्रो हो किनकि सन् १८१६ को कथित सुगौली सन्धीलाई ३१ जुलाई १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धीको धारा (८), त्यसैगरी ३० अक्टोबर १९५० को नेपाल-बेलायत संयुक्त राज्य बीच भएको सन्धीको प्रस्तावना र धारा (८) ले पनि औपचारिक रुपमा नै खारेज गरिसकेको छ । त्यसैगरी सन् १९६० मा संयुक्त राष्ट्र संघले पारित गरेको रिजोलुसन अनुसार पनि कथित सुगौली सन्धीद्वारा ब्रिटिस इण्डियाको उपनिवेशमा रहेको हाम्रो भूमि फिर्ता भैसक्नु पर्थ्यो ।

हाम्रो झण्डै ६०,००० वर्ग किमी भूभाग अझै पनि भारतको अवैध कब्जामा छ । त्यो भूमि कब्जामा लिने अधिकार भारतलाई छँदैछैन । तर विडम्बना नेपालमा देशभक्त सरकार नभएको कारण भारतले "बाघको छालामा स्यालको रझाई" भनेझैं हाम्रो भूमि हडपेर बसेको छ । बेलायतले कथित सुगौली सन्धीमार्फत उपनिवेशमा राखेको भूमि हामीलाई नै फिर्ता गर्नुपर्छ किनकी उपनिवेशमा रहेको भूमि फिर्ता गर्दा जसको हो उसलाई फिर्ता गर्नुपर्छ अरुलाई दिन पाइन्न त्यसकारण पनि उक्त भूमि प्राप्त गर्नु हाम्रो अधिकार हो । यो कुरा हर एक नेपालीले बुझ्न जरुरी छ ।

बेलायलते हाम्रो भूमि फिर्ता गरेको घोषणा गर्नासाथ भारतले ती भूमिमाथि अवैध कब्जा छोड्नै पर्दछ । सुस्ता, कालापानी, लिम्पियाधुरा लिपुलेक लगायतका भूभाग निर्विवाद हाम्रै सार्वभौमि भूभाग हुन् । यी भूभागमा दावी गर्नु वा अवैध कब्जा गर्नु भारत सरकारको मुर्खता हो । आफ्नो अन्त्यको विउ रोप्नु जस्तै हो । नेपालसँग निहुँ खोज्नु भारतका लागि महंगो पर्नेछ । नेपालको सार्वभौमसत्ता माथि हात हाल्नु भारतका लागि मृत्यु पत्रमा हस्ताक्षर गर्नु सरह पुष्टि हुनेछ । नेपालसँग निहुँ नखोज्न यसैमार्फत भारतसरकारलाई सचेत पनि गराउन चाहन्छु म ।

**० अहिलेको परिस्थितिमा नेपालको सुनौलो इतिहास र लडाकु स्वभावलाई कायम राख्न सम्भव छ ?**

सम्भव छ । तर यस्ताखाले नामर्द, निम्छरो र नालायक सरकारबाट चाहिँ सम्भव छैन । हरेक नेपालीमा देशभक्ति जाग्न सक्यो, हरेक नेपालीले यी गद्धारहरुलाई बेलैमा चिन्न सके र सबै मिलेर देशभक्तहरुको सत्ता स्थापना गर्न सकियो भने नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किमी होइन कि २,०४,९१७ वर्ग किमी कायम हुन्छ र आफ्नो भूपरिवेष्ठित स्थितिको पनि अन्त्य हुन्छ । त्यसपछि हामीले कहिल्यै पनि भारतीय नाकाबन्दी झेल्नुपर्ने छैन । विश्वको शक्ति राष्ट्रमध्ये एक बन्ने छौं । त्यसकारण म सम्पूर्ण देशभक्त नेपाली जनतालाई जनसमाजवादी पार्टीमा आबद्ध भई नेपाललाई विश्वको शक्ति सम्पन्न राष्ट्र मध्ये एक बनाउनको लागि देशभक्तिपूर्ण योगदान गर्न पाउने पुनित अवसरलाई नचुकाउन हृदयदेखि नै अनुरोध पनि गर्दछु । देशभक्तिपूर्ण अभिवादन सहित ।



**डम्बरविक्रम कार्की**
**उपमहासचिव तथा प्रवक्ता**
**जनसमाजवादी पार्टी, नेपाल**

**हाम्रो पार्टी जनसमाजवादी पार्टी नेपाल पनि भारतीय विस्तारवादको विरुद्ध संघर्ष गरिरहेको छ । तर आशातित सफलता भने हासिल भइसकेको छैन ।**

■■■

**तर विडम्बना नेपालमा देशभक्त सरकार नभएको कारण भारतले "बाघको छालामा स्यालको रझाई" भनेझैं हाम्रो भूमि हडपेर बसेको छ । बेलायतले कथित सुगौली सन्धीमार्फत उपनिवेशमा राखेको भूमि हामीलाई नै फिर्ता गर्नुपर्छ किनकि उपनिवेशमा रहेको भूमि फिर्ता गर्दा जसको हो उसलाई फिर्ता गर्नुपर्छ अरुलाई दिन पाइन्न । त्यसकारण पनि उक्त भूमि प्राप्त गर्नु हाम्रो अधिकार हो ।**

# मुक्तिनाथ विकास बैंकले ल्यायो नयाँ खाता योजना

काठमाडौं । मुक्तिनाथ विकास बैंकले 'मुक्तिनाथ संस्थागत उपलब्धी चल्ती खाता र मुक्तिनाथ व्यक्तिगत उपलब्धी बचत खाता' सञ्चालनमा ल्याएको छ ।

बैंकले पब्लिक कम्पनी, साझेदारी कम्पनी, प्राइभेट कम्पनी, सरकारी तथा गैर सरकारी संघ संस्था, विभिन्न व्यापाररव्यवसायका छाता संगठनहरु, प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका बचत तथा ऋण सहकारी संघ संस्था तथा विषयगत सहकारी संघ संस्था लगायत अन्य

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED

संघ संस्थालाई लक्षितगरी 'मुक्तिनाथ संस्थागत उपलब्धी खाता' नामक चल्ती खाता र 'मुक्तिनाथ व्यक्तिगत उपलब्धी' नामक बचत खाता सञ्चालनमा ल्याएको हो ।

यस्तो खाता खोलेका संघ संस्थाका सञ्चालक समितिका सदस्यहरु, साझेदार, प्रोपाइटरहरुका लागि ७ लाखको दुर्घटना मृत्यु बीमाको सुविधा मुख्य विषेशताका रुपमा प्रदान गरिएको छ।

मुक्तिनाथ संस्थागत उपलब्धी चल्ती खातामा बीमा सेवाका अतिरिक्त दैनिक मौज्दातमा आकर्षक ब्याजदर (मासिक ब्याज भुक्तानी ) तथा निःशुल्क इन्टरनेट बैकिङ्ग सुविधा लिन सकिने बैंकले जनाएको छ।

बैंकले व्यक्तिगत उपलब्धी बचत खाता अन्तर्गत न्युनतम मौन्दात एक सय रुपैयाँमा संस्थाका सम्पूर्ण कर्मचारी तथा व्यक्तिगत सदस्यहरुका लागि सात लाख रुपैयाँको दुर्घटना तथा मृत्यु बीमाको सुविधा मुख्य विषेशताका रुपमा प्रदान गरिएको बैंकले जानकारी दिएको छ ।

यस्तै व्यक्तिगत उपलब्धी बचत खाता अन्तर्गत दैनिक मौज्दातमा वार्षिक ७ प्रतिशत ब्याज (मासिक ब्याज भुक्तानी ) निःशुल्क अन्तर शाखा कारोबार, निःशुल्क मोबाइल बैकिङ्ग सुविधा तथा इन्टरनेट बैकिङ्ग सुविधाका साथै निःशुल्क भिसा डेबिट कार्ड प्रदान गरिने बैंकले जनाएको छ।

## राष्ट्रिय वाणिज्य बैंकमा खाता खोल्नेले नेपाल टेलिकमको सिम निःशुल्क पाउने

काठमाडौं । राष्ट्रिय वाणिज्य बैंकमा नयाँ खाता खोल्ने ग्राहकहरुलाई नेपाल टेलिकमको जीएसएम प्रिपेड मोबाइल सिम निःशुल्क उपलब्ध गराइने भएको छ । यस सम्बन्धी नेपाल टेलिकम र राष्ट्रिय वाणिज्य बैंकबीच मंसिर १२ गते सम्झौता भएको छ ।

सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गरे ।

सम्झौता समारोहमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले मुलुकको सबभन्दा ठूलो दूरसञ्चार कम्पनी र सबैभन्दा बढी



वित्तीय सञ्जाल भएको राष्ट्रिय वाणिज्य बैंकबीचको सहकार्यले दुवै संस्थाको व्यवसाय अभिवृद्धि हुनुका साथै कार्यक्षमतामा समेत बढोत्तरी हुने बताए ।

उनले दुई संस्थाको सहकार्यबाट डिजिटल अर्थतन्त्र निर्माणका लागि प्रभावकारी वातावरण बन्नुका साथै मुलुकभरका जनता वित्तीय पहुँचमा पुग्ने उल्लेख गरे ।

सोही कार्यक्रममा राष्ट्रिय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले २ करोडभन्दा बढी ग्राहक संख्या भएको नेपाल टेलिकम र ३० लाख बढी सेवाग्राही भएको राष्ट्रिय बाणिज्य बैंकबीच भएको यो सम्झौताले आम सेवाग्राहीहरु वित्तीय र प्रविधिगत रुपले निकै लाभान्वित हुने बताए । उनले यो सहकार्यबाट दुवै संस्थाले व्यावसायमा समेत ठूलो फड्को मार्ने विश्वास व्यक्त गरे । बैंकले मुलुकभर भएका २ सय ३८ वटै शाखाबाट नयाँ खाता खोल्ने ग्राहकलाई कम्पनीको सिम निःशुल्क रुपमा उपलब्ध गराउने छ । सो सिममा ५० रुपैयाँ टक ब्यालु समेत हुनेछ ।

# मेगा बैंक बन्यो 'बैंक अफ दि इयर'

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेड सन् २०१९ का लागि 'बैंक अफ दि इयर' बन्न सफल भएको छ ।

बेलायतको लण्डनस्थित फाइनान्सियल टाइम्स्ले प्रकाशित गर्ने ९० वर्ष भन्दा बढी इतिहास बोकेको विश्वविख्यात पत्रिका "दि बैंकर" ले सन् २०१९ का लागि अन्तर्राष्ट्रियस्तरमै प्रतिष्ठित 'बैंक अफ दि एयर २०१९, नेपाल' बाट मेगा बैंकलाई सम्मान गरेको हो ।

लण्डनमा विहीबार साँझ आयोजित एक समारोह बीच मेगा बैंकका

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
The Banker
Bank of the Year 2019
NEPAL

अध्यक्ष भोजबहादुर शाह र प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले "बैंक अफ दि एयर, २०१९" को सम्मान ग्रहण गरिन् ।

"दि बैंकर" ले विश्वभरका १२० भन्दा बढी राष्ट्रहरुका १ हजार भन्दा बढी बैंकहरु मध्ये हरेक राष्ट्रबाट एउटा उत्कृष्ट बैंकको छनौट गरी बैंक अफ दि इयर पुरस्कारबाट वर्षेपिच्छे सम्मानित गर्ने गरेको छ ।

सम्मान ग्रहण गरेपछि मेगा बैंकका अध्यक्ष शाहले अनवरत रुपमा ग्राहकवर्गलाई उत्कृष्ट वित्तीय सेवा प्रदान गर्दै थप हौसलाका साथ अघि बढ्न यो सम्मान मेगा बैंकका लागि महत्वपूर्ण कोसेढुङ्गाको रुपमा स्थापित भएको व्यहोरा व्यक्त गरेका थिए ।

अध्यक्ष शाहले मेगा बैंकको सफलता एवं उपलब्धीमा आफ्नो सहयोग, साथ तथा हौसलाद्वारा महत्वपूर्ण योगदान पुऱ्याउने ग्राहकवर्ग, शेयरधनी, कर्मचारी, नियामक निकायहरु, सञ्चार जगत लगायत शुभेच्छुकहरुप्रति आभार र कृतज्ञता समेत व्यक्त गरे ।

यसैगरी, मेगा बैंककी सिइओ अनुपमा खुञ्जेलीले नौ वर्षको छोटो सञ्चालन अवधिमै गुणस्तरीय बैंकिङ सेवा तथा सुविधाहरु प्रदान गरेर प्रतिस्पर्धाको अग्रपङ्क्तिमा रहन सफल भएकै कारण मेगा बैंकले 'बैंक अफ दि एयर, २०१९' को उपाधि हासिल गरेको भन्दै आगामी दिनहरुमा बैंकलाई थप सबल, समृद्ध एवं सक्षम बनाउन सबैको निरन्तर साथ र सहयोग रही रहने विश्वास प्रकट गर्दै आगामी दिनहरुमा समेत उत्कृष्ट सेवा प्रदान गर्न मेगा बैंक सदैव कटिबद्ध रहने प्रतिबद्धता व्यक्त गरिन् ।

यसै साता मेगा बैंकले अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको गुणस्तरीय व्यवस्थापन प्रणाली अनुशरण गरेवापत 'आईएसओ ९००१:२०१५' प्रमाणपत्र समेत प्राप्त गरेको थियो । तीव्रगतिका साथ ग्राहकको विश्वास जित्दै अघि बढ्दै गरेको मेगा बैंकका १११ वटा शाखा कार्यालय, २१ वटा एक्सटेन्सन काउण्टर, ११२ वटा एटिएम मेसिन, ११९ वटा शाखारहित बैंकिङ केन्द्रहरु तथा २ हजार ५ सय भन्दा अधिक मेगा रेमिटका प्रतिनिधिहरु रहेका छन् ।

# आइएमईद्वारा लक्की ड्रमार्फत डबल अफरको विजेता घोषणा

काठमाडौं । आइएमईले पर्वलाई लक्षित गर्दै भदौ १५ देखि कार्तिक मसान्तसम्म ल्याएको डबलको डबलको डबल अफरको बम्पर विजेता खातेव विरेन्द्र खाङ्ग भएका छन्।



आइएमई कम्पनीले विहीबार लाजिम्पाटस्थित साङ्ग्रिला होटलमा पत्रकार सम्मेलन गरि लक्की ड्र मार्फत विजेता भएका हुन्।

उनले डबलको डबलको डबल अफरमा उनले मलेसियाबाट ५९ हजार सात सय ३२ रुपैयाँ पठाएका थिए, जसमा उनले डबलको डबलको डबल अफरमा चार लाख ७७ हजार आठ सय ५६ रुपैयाँ जितेका हुन्। उक्त कार्यक्रममा बोल्दै आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले विदेशमा बसेर आर्जन गरेको पुँजीलाई बैंकिङ् सञ्जालमार्फत देशमा भित्र्याउन यस्ता अफरहरु ल्याएको बताए।

उनले यस्ता पर्वहरुलाई लक्षित योजनाहरुले देशको अर्थतन्त्र, सेवाग्राही तथा कम्पनीलाई समेत फाइदा पुग्ने बताए। यस्ता कार्यक्रमले ग्राहक र कम्पनीबीचको सम्बन्धलाई थप मजबुद बनाउने बताए। यस्तै आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले विगतदेखि हामीले सो योजना निरन्तर गर्दै आएको बताए। तर विगतको वर्षभन्दा यस वर्ष ४.९ प्रतिशतले रेमिट्यान्सम गिरावट आएको बताए।

उनले भने 'यसरी रेमिन्यान्स घट्नु हाम्रो देशको अर्थतन्त्रका लागि राम्रो होइन। गतवर्षको तुलनामा यसवर्ष बढ्नु पर्ने हो तर अहिले घटेको छ।'वैदेशिक रोजगारीमा जानेमा कमी आउनुका साथै मलेसियामा रोजगारीका लागि केहि समय बन्द भएकाले कमी आएको उनका भनाई छ।

# बैकिङ्ग संसार

## प्रभु बैंकले दुई अर्ब बराबरको ऋणपत्र निष्काशन गर्ने

काठमाडौं । प्रभु बैंकले दुई अर्ब बराबरको डिबेन्चर निष्काशन तथा बिक्री प्रबन्धकमा नबिल इन्भेष्टमेन्ट बैंकलिाई नियुक्त गरेको छ। बैंकले 'प्रभु बैंक डिबेन्चर २०८४' नामक २० लाख कित्ता ऋणपत्र निष्काशन गर्न नबिल इन्भेष्टमेन्टलाई बिक्री प्रबन्धकमा नियुक्त गर्ने सम्बन्धी सम्झौता भएको हो।

प्रभु बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन र नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत




सबिर बादे श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

बैंकले १० प्रतिशत ब्याजसहित आठ वर्ष अवधिको दुई अर्ब बराबरको ऋणपत्र निष्काशन गर्न लागेको हो। बैंकले कूल २० लाख कित्ता डिबेन्चरमध्ये १२ लाख कित्ता डिबेन्चर व्यक्तिगत तवरबाट र आठ लाख कित्ता डिबेन्चर सर्वसाधारणमा निष्काशन गर्न लागेको कम्पनीले जनाएको छ।

यसैबीच प्रभु बैंक लिमिटेडले काठमाडौंको गौशालास्थित पिङ्गलास्थानमा १९७ औं शाखा सञ्चालनमा ल्याएको छ । बैंकको पिङ्गलास्थानमा शाखा कार्यालयको उद्घाटन पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. प्रदीप ढकाल गरेका हुन्।

बैंकको उद्घाटन गर्दै डा. प्रदिप ढकालले प्रभु बैंकले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै बैंकिङ्ग पहुँच नपुगेको ठाउँमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहजरुपमा बैंकिङ्ग सेवा विस्तार गरी प्रशंसनीय कार्य गरेको तथा प्रभु बैंकको यो अभियानले बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्रनभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बताए।

## माछापुच्छ्रे बैंक मास्टर कार्डको सञ्जालसँग आवद्ध

काठमाडौं । माछापुच्छ्रे बैंक लिको सम्पूर्ण एटिएम तथा प्वाइन्ट अफ सेल्स (एइक ः्बअजप्लभ) हरुमा अब मास्टर कार्ड (ःबकतभच अबचम) स्वीकार गर्न माछापुच्छ्रे बैंक लि.मास्टर कार्ड (ःबकतभच अबचम) को सञ्जालसँग आवद्ध भएको छ ।

विशेषगरी नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरु तथा मास्टर कार्ड (Master card) लिएका नेपाली ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै माछापुच्छ्रे बैंक मास्टर कार्ड (Master card) सँग आवद्ध भएको हो ।

अब ग्राहक महानुभावहरुले माछापुच्छ्रे बैंक लि. को १७० भन्दा

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

बढि एटिएम मार्फत नगद निकाल्न तथा १ हजार भन्दा बढि प्वाइन्ट अफ सेल्स (एइक ः्बअजप्लभ) मार्फत सामान खरिदको रकम भुक्तानी गर्न सक्नेछन् । बैंकले छिटै नै आफ्ना ग्राहकहरुलाई मास्टरकार्ड (ःबकतभच अबचम) जारी गर्ने समेत जनाएको छ ।

मास्टर कार्ड (ःबकतभच अबचम) सँगै बैंकका सम्पूर्ण एटीएम र प्वाइन्ट अफ सेल्सहरु (POS machine) मा भीसा (Visa), यूनियन पे (UnionPay), मास्टरकार्ड (Master card) र मेस्ट्रो (Maestro Card) कार्डहरु सजिलै प्रयोग गर्न सकिनेछन् ।

स्थापना कालदेखि नै नयाँ नयाँ प्रविधिमा आधारित सेवा सुविधा ग्राहकमाझ ल्याउन कटिबद्ध रहेको माछापुच्छ्रे बैंकले मोबाईल बैंकिङ्ग सेवा, इन्टरनेट बैंकिङ्ग सेवा, अनलाईन मार्फत खाता एवं मुद्धती खाता खोल्ने, क्यू.आर.कोड लगायतका थुप्रै अत्याधुनिक प्रविधिहरु आफ्ना ग्राहक माझ ल्याइसकेको छ ।

माछापुच्छ्रे बैंक लि. पुर्व देखि पश्चिम साथै हिमाल देखि पहाड, र तराईसम्म आफ्ना १४४ वटा शाखाहरु, १३७ शाखारहित बैंकिङ्ग सेवा समेत गरी जम्मा २८१ स्थानमा रहेका सेवा सञ्जाल तथा १७० वटा एटीएमहरु मार्फत बाट ग्राहक महानुभावहरुलाई अत्याधुनिक प्रविधिसहित सम्पूर्ण बैंकिङ्ग सुविधा प्रदान गरीरहेको छ ।

# सतनचुली बनको करोडौंको प्राकृतिक सम्पत्ति नष्ट भएको छ, यसलाई जोगाउनु हाम्रो कर्तव्य हो

**टेकबहादुर गुरुङ रामनगर–१ को समाजसेवी हुनुहुन्छ। उहाँ रिटायर्ड प्रहरी इन्स्पेक्टर हुनुहुन्छ। सतनचुली सामुदायिक वनका पूर्व अध्यक्ष समेत रहनुभएका गुरुङसँग जन आकाश साप्ताहिकका तर्फबाट पत्रकारद्वय मोहन पोखरेल र सुरेश कुमार अधिकारीले लिएको अन्तरवार्ताको सारसंक्षेपः–**

**० तपाई सतनचुली सामुदायिक वनको अध्यक्ष हुँदा उपभोक्ताहरुका लागि केके काम गर्नु भयो ? तपाईले गरेका केही महत्वपूर्ण काम छोटकरीमा बताइदिनुस न ?**

मैले सर्वप्रथम सतनचुली सामुदायिक बनको विधान बनाउन पहल गरे। तत्कालीन जिल्ला वन अधिकृत माधव आचार्य र बज्रकिशोर यादवसँगको घनिष्ठ मित्रताको माध्यमबाट उहाँहरुकै पहलमा र उहाँहरुकै सुझाव अनुसार ०५८ भदौ १३ गते सतनचुली सामुदायिक बनको विधान तयार भयो। उहाँहरुकै अलग अलग कार्यालय समय र अलग अलग कार्यकालमा सतनचुली बनको विधान बारे मैले उहाँहरुसँग समन्वय गरेको थिएँ। किनकी ०५८ भन्दा पहिले जलदेवी सामुदायिक बन र सतनचुलीको विधान एउटै थियो।

**० सतनचुलीबाट जलदेवी छुटिएपछिको अवस्थामा बनेको नयाँ विधानको कार्यान्वयन अवस्था कस्तो रहेको थियो, कुनै झणझट बेहोर्न पर्‍यो कि परेन ?**

झण्झट त कति भयो कति। तर मैले कत्ति पनि हार खाने काम गरिन। बरु डि.एफ.ओ. माधव आचार्यसँग नियमितजसो परामर्शमा रहें। आचार्य साहेवले भन्नुभएको थियो कि तपाइहरुको सतनचुली वनमा प्रशस्त आम्दानीका श्रोतहरु छन्। यसको राम्रोसँग सदुपयोग गर्न सक्नुभयो भने यहीको आम्दानीले तपाईका उपभोक्ताहरु धनी हुनेछन्। विद्यालय, हेल्थ पोष्ट, सडक, जिविकोपार्जनका लागि बाख्रा पालन तथा अन्य सबै प्रकारका घरेलु उद्योगहरु यही सञ्चालन हुनेछन्। खानेपानीको धारा घरघरमा पुग्नेछ। पानी र रोजीरोटीबाट कोही पनि वन्चित हुनेछैन।

**० माधव आचार्यले सल्लाह दिएझै तपाई त्यसमा कत्तिको लागि पर्नुभयो ?**

मेरो कार्यकालमा सतनचुली वन भित्र रहेका पानीका श्रोतहरु, जडिबुटी, ढले पडेका सालका रुख तथा चोरी निकासीका काठको सदुपयोग गर्ने प्रयास भएको थियो। साथै उपभोक्ताका लागि सस्तो दर रेटमा काठ उपलब्ध गराउने काम भइरहेकै थियो। घरेलु उद्योग खोल्न तथा अन्य आवश्यक व्यवस्था मिलाउने तयारी भइरहेकै थियो। सतनचुली डाँडामा भ्यूटावर बनाउने र टोंड्के ताललाई पर्यटकीय स्थलको रुपमा विकास गरी आन्तरिक र बाह्य पर्यटक भित्र्याउने र रामनगरलाई स्थानीय लाइन होटल नभएर सौराहको जस्तै गरी पर्यटन होटल रिसोर्टहरुको व्यवस्था गर्ने लक्ष्यका साथ मेरो कार्यक्रम अगाडि बढेको थियो।

**० तपाईलाई यी सबै काम गर्न केले बाधा पुर्‍यायो ?**

अँ, सुन्नोस, त्यसपछि मेरो कार्यकाल समाप्त हुँदै गर्दा अर्को कार्य समिति बन्यो। भगवान घलेको अध्यक्षतामा। विचारा बुढाले सोझो तरिकाले कसैको एक पैसा नखाइकन राम्रो काम गर्दै गएका थिए। कहाँ कार्यकाल पुरा गर्न पाउँथे र। त्यसपछि अर्को अध्यक्ष,फेरी अर्को अध्यक्ष गरीगरी यहाँसम्म आइपुगेको छ। मेरो योजना जति सबै सपनामा परिणत भए।

**० त्यसो भए माधव आचार्यले भने झैं सतनचुली बनको आन्तरिक डोनर बन्ने सपना सकिएको हो ?**

लगभग त्यस्तै भएको छ। हामीले रामनगर, ठिमुरा र देवघाटका उपभोक्ताहरुलाई परिचालन गर्न जानेनौ। अर्थात् त्यसपछि बनेका कार्य समितिहरुले सतनचुली बन भित्र रहेका बहुमूल्य श्रोत साधनलाई चिन्न सकेनन्। जानेर हो वा नजानेर हो, सतनचुली बनको करोडौं प्राकृतिक सम्पत्ति नष्ट भएको छ। म पछिका कुनै पनि कार्य समितिले आन्तरिक र बाह्य पर्यटनको विकास गर्ने गरी कुनै पनि कार्यक्रम ल्याउन सकेनन्। हुँदाहुँदा यहाँका उपभोक्ताले पानी खान पाएका छैनन्। इनारको खाएर बस्नुपर्ने बाध्यता छ।

**० यो सबै समस्या समाधान नहुनुका पछाडि के कारण छन् ?**

सर्वप्रथम त जनताको निर्वाचित मतबाट बनेको कार्य समिलिते काम गर्नु पर्‍यो। यहाँ साधारणसभा भएको छैन। बर्षौदेखि एउटै अध्यक्षले दलिय भागवण्डाका आधारमा अध्यक्ष चलाइरहेका छन्। जनताको सामुदायिक बनमा दलिय भागवण्डाका आधारमा राजनीति गर्नु उपयुक्त हुँदैन भन्ने मेरो मान्यता हो। बिग्रन त धेरै बिग्रिसक्यो। वचेको श्रोत साधनलाई अझै पनि राम्रोसँग परिचालन गर्न सकियो भने हाम्रा अगाडि अझै पनि नयाँ पालुवा पलाउने संभावना छन्। किनकी कालो बादलभित्र चाँदीको घेरा अवश्य हुन्छ।

**० सतनचुलीको तुलनामा जलदेवीले राम्रैसँग विकास गरेको हो ?**

देख्नु भाको छैन त्यत्रो पिकनिक सपोर्ट, मनमोहक दृष्य। अझै भन्ने हो भने एक इन्च सालको काठ पनि त्यो जलदेवीको समितिमा दुरुपयोग भएको छैन भन्ने कुरा बाहिर आएको छ। त्यहाँको बनको दृष्य हेर्नोस् त कति मनमोहक छ। सुरिला सालका रुखले भरिएको मनमोहक घना जंगल छ। त्यहाँका उपभोक्ता धनी भइसकेका छन्। कुनै समस्या छैन।



**टेकबहादुर गुरुङ**
**पूर्व अध्यक्ष**
**सतनचुली सामुदायिक वन तथा पूर्व प्रहरी निरीक्षक**

**० अँ एउटा पानीकै प्रसंग उठाउँ, रामनगरका उपभोक्ताले राम्रोसँग पानी खान पाएका छैनन् भन्ने जान्दा जान्दै त्यही कै बनको श्रोतबाट निक्लेको पानी बागेश्वरी पठाइन्छ भन्ने हल्ला छ नि ?**

यो हल्ला होइन साँचो हो, मैले यति भन्न चाहन्छु कि सर्वप्रथम ढ्योङ्ग खेतबाट पाइप विछ्याएर रामनगरमा खानेपानीको आपूर्ति हुनुपर्यो। रामनगरलाई पुगिसकेपछिको बाँकी केही पानीको भाग वागेश्वरी तिर पठाइदिँदा रामनगरबासीलाई कुनै आपत्ति हुनेछैन। भरतपुर महानगरभित्र खानेपानी व्यवस्थापन बोर्डले सफा खानेपानीको वितरण गरिरहेको छ। रामनगरलाई उपेक्षा किन ? बोर्डले रामनगरका उपभोक्तालाई प्रशस्त पानीको व्यवस्था मिलाउँछ भन्ने ट्योङ्ग खोलाको पानी तर्फ आँखा जान्छ ? त्यसैले हामीले ढ्योङ्ग खोलाको पानी दिन्नौ भनेका हौं। बागेश्वरी आश्रम योगी नरहरी नाथको तपोभूमी हो, त्यहाँ साधुसन्तहरु बस्दछन्। त्यहाँ योग शिविर पनि छ। मेडिकल सम्बन्धी व्यवस्था पनि छ। पानीको आवश्यकता हुनु स्वभाविकै हो। भनिन्छ, पानी सबैको साझा हो। प्राकृतिक मान्यता र मानवताको नाताले पनि बागेश्वरी आश्रमले पानी खान पाउनु पर्छ। पानी खान पाउँदै पाउँदैनस् भन्ने हाम्रो भनाई होइन। कमसेकम दुबै ठाउँलाई फाइदा पुग्ने गरी पानी वितवरण गरियोस्। प्रदेश सरकारले बागेश्वरी आश्रमलाई मात्र हेरेर ६० लाखको विनियोजन गरेको हो भने रामनगरका उपभोक्तालाई त्यति नै बराबरको रकम बिनियोजन गरेर महानगरपालिकाले पानी खुवाउन किन नसकेको ? ३ नम्बर प्रदेश सरकारको आँखा रामनगरमा परेको छ कि छैन ? हाम्रो प्रश्न यही हो।

**० राष्ट्रसेवक प्रहरी अधिकृत हुनुहुन्छ। पेन्सन पनि खानु भएको छ। वर्तमान अवस्थामा कसरी परिचालन हुँदा ठिक होला ?**

हामी प्रहरीहरु राज्यको निर्देशनमा र सरकारको इच्छा मुताविक चल्ने एउटा वर्ग हो। अहिले दुई तिहाई बराबरको कम्युनिष्ट सरकार छ। उसैको निर्देशनमा प्रहरी चल्नुपर्छ, दायाँबायाँ हुनुहुँदैन। चाहे प्रचण्डजी ओलीजी, देउवाजी जो सुकै होउन प्रधानमन्त्रीको हैसियतमा उहाँहरुको निर्देशनको पालना गर्नुपर्छ।

**० पूर्वराजा ज्ञानेन्द्र प्रति यहाँको धारणा के छ ?**

पूर्वराजा ज्ञानेन्द्र प्रति मेरो हृदयदेखि नै सहानुभूनी छ। २५० बर्षको इतिहास बोकेको राजसंस्था भएकोले पूर्वराजा प्रति सहानुभूति हुनु स्वभाविकै हो। समय परिस्थितिको कुरा हो, १२ वर्षपछि खोलो पनि फर्कन्छ भन्छन्। हेर्दै जाउँ समयले त्यस्तै संकेत दिएजस्तो पनि लाग्छ।

## डिभिजन बन कार्यालय चितवनको अनुरोध

- **गैंडा, बाघलगायत संकटापन्न बन्य जन्तु, बन/बनस्पति र वासस्थानको संरक्षण र व्यवस्थापनमा ध्यान दिउँ, जैविक विविधताको संरक्षण गरौं।**
- **कानूनबाट निषेध गरिएका बन्यजन्तुका अखेटो, पहार (हाड, छाला, दाँत, सिङ, पुच्छर) जस्ता चिज वा सो बाट बनेका बस्तुहरुको प्रयोग नगरौं।**
- **बनमा पिकनिक खाई जथाभावी आगो नछोडौं, सानो आगोको झिल्कोले अमूल्य बन र बन्यजन्तुको नोक्सान पुर्‍याउन सक्छ।**
- **यस समयमा प्रत्येक सा. बनहरुले कार्य योजना उल्लेख भए बमोजिम बनको उचित किसिमले बन व्यवस्थापनका कार्यहरु गरौं।**
- **कानूनले वञ्चित गरेका बन पैदावारहरु बिना इजाजत आफू खुशी प्रयोग नगरौं, प्रयोग भएको पाइएमा तुरुन्त जि.व.का. मा खबर गरौं।**
- **बन्यजन्तु बन क्षेत्रबाट बाहिर निस्कि कसैको क्षति पुर्‍याउन लागेमा तुरुन्त डिभिजन बन कार्यालय चितवनको फोन नं. ०५६– ५२०२१५ वा प्रहरी कार्यालय १०० मा खबर गरौं।**

## नेपालमा वि.स. ९३६ देखि हालसम्म के–के भयो ?

एसियाका ठूला देशहरू चीन र भारतको बीचमा हिमालयको काखमा बसेको नेपालको इतिहास यस क्षेत्रका अन्य देशहरूको भन्दा फरक छ। नेपालदेखि दक्षिणपट्टि रहेका देशहरू विदेशी अधिनमा रहँदा पनि नेपाल स्वतन्त्र राष्ट्रको रूपमा रहिरह्यो। विभिन्न धर्मशास्त्र तथा पुराणहरूमा नेपाललाई अत्यन्तै प्राचीन भूमिको रूपमा वर्णन गरिएको छ।

नेपाल शब्द सबैभन्दा पहिला अथर्ववेदमा उल्लेख गरिएको पाइन्छ। यसअनुसार नेपाल हिमालको काखमा भएको कारणबाट नेपाल नामको उत्पत्ति संस्कृत शब्द 'निपालय' बाट भएको हुन सक्छ, जस्को अर्थ 'पहाडको आधार (खुट्टा)' अथवा 'खुट्टामा निवास' हो। अब कुरा गरौं, इतिहासको बारेमा। विश्वभक्त दुलाल 'आहुती'को भनाइ सापट लिएर भन्नुपर्दा 'इतिहास वर्तमानको गर्व हो। जहाँबाट वर्तमान जन्मिन्छ। वर्तमान फेरि इतिहास हुन्छ भविष्यका निम्ति।'

यहाँ अत्यन्त सारंशमा विास ९३६ देखि वि.स. २०७० सम्ममा भएका उल्लेखनीय घटनाक्रमहरूलाई उल्लेख गरिएको छस

९३६ - नेपाल संवतको सुरुवात
१३१७ - अरनिको चिन गएको
१६१६ - द्रव्यशाहद्वारा गोरखा राज्य स्थापना (भाद्र २५)
१६९३ - कृष्ण मन्दिरको निर्माण
१७२७ - रानी पोखरीको निर्माण
१७७९ - पृथ्वीनारायण शाहको जन्म (पौष २७)
१८०१ - नुवाकोट विजय (असोज १५)
१८१४ - कीर्तिपुरमाथि प्रथम आक्रमण
१८२२ - कीर्तिपुर विजय
१८२५ - कान्तिपुर विजयी (असोज १)
१८२५ - ललितपुर विजयी (असोज २४)
१८२६ - भक्तपुर विजय (मंसिर १)
१८४६ - नेपाल तिब्बत प्रथम सन्धि
१८७२ - सुगौली सन्धि (१८१६ मार्च ३)
१९०३ - कोतपर्व (असोज २)
१९०३ - भण्डारखाल पर्व (कार्तिक १२)
१९०६ - जंगबहादुरको युरोप यात्रा
१९०८ - छापाखानाको प्रारम्भ (पौष ७)
१९१० - मुलुकी ऐन घोषणा, दरबार हाइस्कुलको स्थापना
१९११ - नेपाल(तिब्बत युद्ध प्रारम्भ
१९१७ - नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर)

१९४४ - चिठ्ठीमा टिकट टाँस्ने चलन (असार१४)
१९४७ - वीर अस्पतालको निर्माण (साउन१२)
१९५८ - गोर्खापत्रको प्रकाशन (वैशाख २४)
१९६८ - अमाली प्रथा खारेज, बिजुली, जनगणना
१९७५ - त्रिचन्द्र कलेजको स्थापना
१९७७ - सती प्रथा उन्मूलन, मकै पर्व
१९८१ - दास प्रथाको अन्त्य
१९८९ - चिडियाखानाको स्थापना
१९९० - महाभूकम्प
१९९० - एसएलसी बोर्डको स्थापना (कार्तिक१६)
१९९७ - प्रजापरिषद् काण्ड, ४ जना सहिद
२००२ - कागजी नोटको प्रचलन (असोज १)
२००६ - काठमाडौं गौचरमा प्लेन उत्रेको(बैशाख ११)
२००७ - नेपाल भारत बीच सन् १९५० शान्ति र मैत्री सन्धि (साउन २६)
२००७ - प्रजातन्त्र घोषणा (फागुन ७)
२००७ - रेडियो नेपालको स्थापना (चैत्र ७)
२००८ - राजपत्रको प्रकाशन (साउन २२)
२०१४ - डा. के.आई सिंह प्रधानमन्त्री नियुक्त
२०१५ - नेपाल वायुसेवा निगमको स्थापना(असार १७)
२०१६ - त्रि.वि. को स्थापना
२०१७ - गोरखापत्रलाई दैनिक पारिएको(फागुन ७)
२०१८ - नेपाललाई १४ अञ्चल, ७५ जिल्लामा विभाजन
२०१८ - धरहरा प्रवेश निषेध
२०१९ - पूर्व(पश्चिम राजमार्गको शिलान्यास (वैशाख १)
२०१९ - नेपालको संविधान लागू
२०१९ - सरकारबाट राष्ट्रिय चिन्ह घोषणा (असार २७)
२०२० - नयाँ मुलुकी ऐन लागू (भाद्र १)
२०२१ - सरकारी कामकाज नेपाली भाषामा हुनुपर्ने व्यवस्था (वैशाख १२)
२०२१ - भूमिसुधार कार्यक्रमको प्रारम्भ(पौष १)
२०२९ - ४ विकास क्षेत्रमा विभाजन (असार१३)
२०३० - सिंह दरबारमा आगलागी (असार २५)
२०३१ - श्री ५ वीरेन्द्रद्वारा नेपाललाई शान्ति क्षेत्र घोषित गर्न प्रस्ताव पेश
२०३४ - नेपालमा विफर उन्मुलनको घोषणा(वैशाख १)
२०३६ - जनमत संग्रह घोषणा (जेठ १०)
२०३७ - जनमत संग्रह सम्पन्न (वैशाख २०)
२०३७ - नेपाललाई ५ विकास क्षेत्रमा विभाजन (असोज २६)
२०३८ - बालिग मताधिकारका आधारमा आमनिर्वाचन (वैशाख २६)
२०३८ - घण्टाघरमा आगलागी
२०४१ - नेपाल टेलिभिजनको स्थापना (माघ १७)
२०४२ - पञ्चायती व्यवस्थामा दोस्रो आम निर्वाचन (वैशाख २९)
२०४५ - ग्ल्इ हाभियर पेरेज द कोययारको नेपाल भ्रमण (फागुन २३)
२०४६ - संयुक्त जनआन्दोलनका लागि वाममोर्चाको गठन (माघ २)
२०४६ - बहुदलीय व्यवस्थालाई मान्यता प्रदान (चैत्र २६)
२०४७ - कृष्णप्रसाद भट्टराईको मन्त्रीमण्डल गठन(वैशाख ६)
२०४७ - संविधान, २०४७ को घोषणा (कार्तिक २३)
२०५१ - प्रतिनिधिसभाको लागि दोस्रो आमनिर्वाचन (कार्तिक २९)
२०५१ - नेपालको पहिलो वामपन्थी मन्त्रीमण्डल गठन (मंसिर १३)
२०५२ - माओवादीद्वारा सशस्त्र युद्धको सुरुवात (फागुन १)
२०५३ - महाकाली सन्धि पारित (असोज ४)
२०५६ - तेस्रो संसदीय आमनिर्वाचन(वैशाख २० र जेठ ३)
२०५८ - नारायणहिटी काण्ड (जेठ १९)
२०५८ - संकटकालको घोषणा (मंसिर ११)
२०५९ - ज्ञानेन्द्रबाट प्रतिनिधिसभा विघटन (जेठ ८)
२०५९ - गोरखापत्रको रंगिन प्रकाशन सुरु(असार १०)
२०६१ - धरहरा प्रवेश खुल्ला (माघ १)
२०६१ - शाही घोषणा
२०६२ - दिल्लीमा १२बुँदे समझदारी (मंसिर७)
२०६२ - लोकतान्त्रिक आन्दोलनको सुरुवात(चैत्र २४)
२०६३ - संसदको पुनःस्थापना (वैशाख ११)
०६३ - नेपाल सरकार, नेपाली सेना बनाउने निर्णय(जेठ ४)
२०६३ - २१ जनालाई सहिद घोषणा (जेठ २१)
२०६३ - महानगरीय प्रहरीको व्यवस्था (मंसिर १)
२०६३ - बृहत शान्ति सम्झौता सम्पन्न (मंसिर५)
२०६३ - सेनाको व्यवस्थापन सम्झौतामा हस्ताक्षर (मंसिर २२)
२०६३ - नयाँ निशान छाप प्रचलनमा (पुस १५)
२०६३ - नेपालको अन्तरिम संविधान जारी (माघ १)
२०६४ - नयाँ राष्ट्रिय गान सार्वजनिक (साउन १८)
२०६५ - राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा (जेठ १५)
२०६५ - ज्ञानेन्द्र नारायणहिटी दरबारबाट वहिर्गमन (जेठ २९)
२०६५ - नारायणहिटी दरबारमा झण्डोत्तोलन (असार १)
२०६५ - परमानन्द झा उपराष्ट्रपतिमा निर्वाचित (साउन ४)
२०६५ - डा.रामवरण यादव राष्ट्रपतिमा निर्वाचित (साउन ६)
२०६५ - पुष्पकमल दाहाल प्रममा निर्वाचित (साउन ३१)
२०६५ - नेपाल सम्वतलाई राष्ट्रिय मान्यता(कार्तिक ८)
२०६५ - प्रसुती सेवा निःशुल्क घोषणा (माघ१)
२०६५ - नारायणहिटी सर्वसाधारणका लागि खुल्ला (फागुन १५)
२०६६ - अंग्रेजी भाषाको नागरिकता वितरण (मंसिर १)
२०६६ - कालापत्थरमा बैठक सम्पन्न (मंसिर १९)
२०६६ - गिरिजा प्रसाद कोइरालाको निधन (चैत्र ७)
२०६७ - फोटो सहितको मतदाता नामावली (भदौ २८)
२०६७ - जिन बैंकको सञ्चालन (असोज २१)
२०६७ - कृष्णप्रसाद भट्टराईको निधन (फागुन २०)
२०६८ - सार्वजनिक स्थलमा धुम्रपान गर्न प्रतिबन्ध (साउन २२)
२०६८ - नेपाल भारतबीच बिप्पा सम्झौता (कार्तिक ४)
२०६८ - नेपाल भारत बीच म्त्ब्ब सम्झौता (मंसिर ११)
२०६९ - खिलराज रेग्मी मन्त्रिपरिषद् अध्यक्ष (चैत्र १)
२०७० - सरकारद्वारा कमलरी मुक्त घोषणा (साउन १)
२०७० - ५ विकास क्षेत्रमा अदुअआ क्षेत्रीय कार्यालय स्थापना (असोज १)
२०७० - सुशील कोइराला प्रधानमन्त्री पदमा निर्वाचित (माघ २७)

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक


# नैतिक संकटमा समाजवादी

**– निमिष झा**

मधेश आन्दोलनबाट स्थापित भएका नेता हुन् उपेन्द्र यादव । उनले मधेश आन्दोलनको लिगेसी बोकेको दाबी गरिन्छ । मधेशको राजनीतिबाट राष्ट्रिय राजनीतिमा महत्वपूर्ण स्थान बनाउन सफल पनि देखिन्छन् । तर, उनी कहिल्यै पनि आफ्नो एउटा स्ट्यान्ड बनाउन सकेन । समयअनुसार आफूलाई परिवर्तन गर्दै लगे । जतिबेला मधेशकेन्द्रित दलहरुले संविधान संशोधनको माग गरिरहेका थिए त्यतिबेला संविधानको पुनर्लेखन नै गर्नुपर्ने माग गरेका थिए ।

वर्तमान सरकारको उपप्रधानमन्त्री तथा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव अहिले रनभुल्लमा परेका छन् । संविधानको पुनर्लेखनको कुरा परै जाओस्, संशोधनको मुद्दामा दुई बुँदे सहमति गरेका सत्तारोहण गरेका यादवलाई अहिले आफ्नो सरकारी पद जोगाउन मुस्किल परेको छ । नयाँ शक्ति पार्टीसँग एकीकरण पछि आफ्नो माग पूरा नभए सरकार पनि छाड्न सक्ने उनले पटक-पटक अभिव्यक्ति पनि दिए । उपप्रधानमन्त्री भएर पनि सरकारकै खरो आलोचनाम उत्रिएका यादवलाई प्रधानमन्त्री केपी शर्मा ओलीले व्यवहार सुधार्न चेतावनी दिएपछि उनी अहिले दोधारमा परेका छन् । ओलीले यादवलाई पदबाट हटाइ दिने पनि धम्की दिएको पार्टीभित्र चर्चा चलेको छ ।

क्याबिनेट बैठकमा पनि नआउने, मन्त्रालयको काम पनि राम्ररी नगर्ने, उल्टै सरकारको विरोधमा बयानबाजी गर्ने भए तपाईं सरकार छोड्नुस भनेर प्रधानमन्त्रीले सन्देश पठाएको समाजवादी पार्टीका एक नेताको दाबी छ । सरकारकै आलोचनामा यादव उत्रेपछि प्रधानमन्त्री थप रुष्ट बनेका हुन । सरकारको आलोचना गर्नुभन्दा 'विकल्प खोज्न' प्रधानमन्त्री ओलीले यादवलाई निर्देशन दिइसकेका छन् ।

विदेश भ्रमणमा मोह राख्ने तर मन्त्रीपरिषद् बैठक छल्न खोज्नेमात्रै होइन, आधारभुत स्वास्थ्यसम्बन्धी नयाँ नीति ल्याउन निर्देशन दिंदा पनि यादवले ल्याउन नसकेकोमा प्रधानमन्त्री ओली उनीप्रति पछिल्लो समय थप असन्तुष्ट बनेका हुन । सोही पार्टीका अर्का मन्त्री अर्थात् सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईले भने प्रभावकारी काम गरिरहेको प्रधानमन्त्रीको विश्लेषण छ तर यादवले सरकारलाई सफल बनाउन कुनै काम नगरेको प्रधानमन्त्रीको बुझाइ रहेको छ ।

प्रधानमन्त्रीबाट त्यस्तो सन्देश पाएपछि यादवले नेकपाका अर्का अध्यक्ष प्रचण्डलाई गुहारेका हुन उनले प्रचण्डलाई भेटेर नै प्रधानमन्त्रीले आफूलाई हटाउन लागेको जानकारी गराउँदै यसमा मध्यस्थता गर्न आग्रह गरेका छन् ।

गठबन्धन राजनीतिमा नैतिकता प्रदर्शन गर्न नसकेको पनि बालुवाटारको अर्को बुझाइ छ । त्यसमाथि समाजवादी पार्टीका अर्का अध्यक्ष बाबुराम भट्टराईले सार्वजनिक मञ्चबाट सरकारको आलोचना गर्दा यादवले नियन्त्रण गर्न नखोजेको, संविधान संशोधन नभएमा छाडलगत्तै सरकार छाड्ने धम्कीपूर्ण भाषा प्रयोग गरेको, पहिचानवादीको नाममा पुन: मुलुकलाई अराजक दिशातर्फ लैजान खोजेको बुझाइ नेकपाभित्र बढेको छ ।

यादवले सरकारमै रहने वा सरकारबाट बाहिरिने भन्नेबारे तत्काल निर्णय लिन सकेका छैनन् । पार्टीभित्र छलफल गरेर आवश्यक निर्णय लिने उनको योजना छ । यस विषयमा कात्तिक ३० र ३१ गते बस्ने पार्टीको केन्द्रीय समिति बैठकमा छलफल हुने बताइएको छ । सो बैठकमा राजपा नेपालसँगको एकताको विषयमा पनि छलफल हुनेछ ।

यादवमाथि आफ्नो पार्टी भित्रबाट पनि दबाब रहेको छ । संविधान संशोधन गर्ने लिखित सहमति गरेर डेढ वर्षअघि सरकारमा सहभागी भएका थिए । तर सरकार र सत्तारुढ दल नेकपाले संविधान संशोधनको पहल नगरेको र सरकारले गरिरहेका विभिन्न नियुक्तीमा समेत पार्टीलाई कुनै भागबन्डा दिलाउन नसकेको भन्दै पार्टीका नेताहरुले पनि यादवप्रति असन्तुष्टि जनाएका छन । उनीहरुले यादवलाई सरकार छाड्न पनि तीव्र दबाब दिंदा उनी थप संकटमा परेका छन् ।

भट्टराईको प्रतिवेदन

समाजवादी पार्टीको काठमाडौंमा सम्पन्न भएको संघीय परिषद् बैठकमा संघीय अध्यक्ष डा.बाबुराम भट्टराईले राजनीतिक प्रस्ताव प्रस्तुत गरे । २५ पृष्ठको लामो प्रस्तावमा सरकारमा समाजवादीको सहभागिताबारे समीक्षा गरिएको छ । साथै, ११ प्रदेशको पुनर्संरचना मोडेल उपयुक्त भएको तर्क गरेका छन् । 'उत्पीडित राष्ट्रियताहरुको मुक्ति तथा शासन सत्तामा साझेदारीका लागि राज्यको एकात्मक तथा केन्द्रीकृत चरित्र तथा संरचना अन्त्य गरी पहिचान, अधिकार, स्वायत्तता र स्वशासनमा आधारित संघीयता निर्माण गर्नुपर्दछ,' उनले प्रस्तुत गरेको दस्तावेजमा भनिएको छ, 'त्यसनिम्ति पहिचानमा आधारित ११ प्रदेशको मोडेलमा जानु आवश्यक छ ।' अहिलेको राज्यलाई संघीयकरण गर्ने प्रक्रियालाई अधुरो र अपूर्णको संज्ञा दिंदै आफ्नो पार्टीले मधेशी, आदिवासी जनजाति, मुस्लिम, खस, थारु, शिल्पी दलित, अल्पसंख्यक तथा लोपोन्मुख जाति समुदायको मुक्तिआन्दोलनलाई सदैव अगाडि बढाउने भट्टराईको प्रस्तावमा भनिएको छ ।

उनले विकास, सुशासन र समृद्धिको लागि सोहिअनुसारको प्रणाली, विधि, पद्धति र संस्थागत प्रक्रिया हुनुपर्नेमा त्यसो नहुँदा अहिले मुलुकमा राम्रो विकास हुन नसकेको पनि दाबी गरेका छन् ।


**तत्काल सरकारबाट नहट्ने**


राजनीतिक प्रस्तावमा भट्टराईले पार्टी तत्काल सरकारकाबाट फिर्ता हुन नहुने संकेत पनि दिएका छन् । सरकारमा सहभागी हुनुपूर्व सरकारसँग भएको दुई बुँदे सहमति कार्यान्वयनका लागि दबाब सिर्जना गर्नुपर्ने उनले बताएका छन् । 'सरकार र सरकार सम्बद्ध पार्टीसँग वार्ता अगाडि बढाउने, २ बुँदे सहमती अनुरुप संविधान संशोधनका लागि संशोधनको प्रक्रिया अगाडि बढाउन पहल गर्ने र त्यसलाई कार्यान्वयन गर्ने प्रक्रिया अगाडि नबढाएमा सरकारबाट बर्हिगमनका लागि पार्टीको कार्यकारिणी समितिले निर्णय गर्ने गरी पार्टी अगाडि बढ्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ । यद्यपि उनले संघीय सरकारमा पार्टीको सहभागिताबारे गम्भीर समीक्षा गर्न जरुरी रहेको बताएका छन् । *(मधेश दर्पण फिचर सेवा)*

## हरेक दिन कम्तीमा दश मिनेट व्यापाम गर्नुस् दिमागमा फाइदा पुऱ्याउनुहोस्

**सुरेश कुमार अधिकारी मित्र**

यदी हामीले हरेक दिन विहान आफ्नो शरीरलाई कम्तीमा १० मिनेट व्यायाम गर्न सक्यौं भने पनि हामीले हाम्रो मष्तिष्क अर्थात् दिमागलाई स्वस्थ राख्न सक्छौं । किनकी यसबाट मस्तिष्कको हरेक भागमा सञ्चार गराई समन्वय गरेर स्मृति प्रकृयामा सुधार गर्न मद्धत गर्दछ । एक नशा रोग विशेषज्ञका अनुसार आफ्नो मस्तिष्क स्वस्थ राख्न लामो तथा तिब्र गतिको दौडेल मात्र पुग्दैन । त्यसको अलावा घरमै बसेर शरीरको व्यायाम गर्दा बर पर्याप्त हुन्छ भनी आफ्नो अध्ययनमा लेखेका छन् । यसरी ब्यायम गर्दा मस्तिष्कमा 'डिप्पोक्यायस' नामक कोषिका मात्र तैयार हुन्छ । यो भागबाट स्मृति (सम्भन सक्ने शक्ति) निर्माण र भण्डारण गर्दछ । हामीले गर्ने व्यापाम साह्रै गाह्रो हुनुपर्छ भन्ने छैन । व्यायाम गर्दा सजिलो खालको र अलि शरीरको सबै भाग तन्कने प्रकारको भएपनि पुग्छ । यदी तपाई सक्नुहुन्छ भने हप्ताको १ पटक साइकल चलाउनु होस् र हरेक दिन विहान कम्तीमा १० मिनेट व्यायाम गर्नुहोस् । तपाइले दिनभर





आफूलाई फुर्तिलो पाउनु हुनेछ । बिर्सन बानी हराउँछ काममा जाँगर आउँछ र आफूलाई कम उमेरको युवा महसुस गर्नुहुन्छ । फुर्तिलो शरीरले सोच बदल्छ र आफूलाई सदैव चलाख र चनाखो बनाइराख्छ । यो व्यस्त दुनियाको हामी मानिसहरुले आफ्नो लागि १० मिनेट पनि दिन सक्दैनौं । तर मनलाई नियन्त्रण गरेर लैजाने हो भने १० मिनेट केही पनि होइन । सोच बदलौं र यो व्यस्त दुनियामा आफूलाई स्वस्थ बनाउन, आफ्नो मस्तिष्कलाई स्वस्थ राख्न आजैदेखि १० मिनेट व्यायाममा समय दिनुहोस् । अनि हेर्नुहोस आफूलाई कति स्वस्थ पाउन हुनेछ ।

# सरकार आफैंले संघीयतालाई मारिरहेको छ

**खगेन्द्र संग्रौला**

विस्तृत शान्ति सम्झौताको कुरा गर्दा विषयको प्रारम्भ चुनुवाङ बैठकबाट हुन्छ । चुनुवाङ बैठकमा जे निर्णय गरियो, त्यो सही थियो । माओवादी जनयुद्धले जित्ने भएन, हार्न पनि पाएन । भएको शक्ति जोगाउने, त्यही सत्तामा हस्तक्षेप गर्ने र परिवर्तनको प्रक्रिया प्रारम्भ गर्ने भन्ने निर्णय सही थियो । त्यहाँबाट यता फर्किएपछि अधिकांश निर्णय र कदमहरु गलत भए । छापामारहरुलाई बिनासर्त आधारहीन रुपमा बुझाइयो । त्यहाँसमायोजन भन्ने केही थिएन । कमसेकम दश बाह्र हजार छापामारलाई तत्कालीन शाही सेनामा प्रवेश गराएको भए, शाही सेनाको चरित्रमा धेरै वा थोरै प्रभाव पार्न सक्थ्यो । पानीको थोपा लगेर मिसाइयो, त्यो आगोमा बिलायो । बलियो वाईसिएल थियो, त्यो आफैं विघटन गरियो । सत्य निरुपण तथा मेलमिलाप आयोग ढिला गठन गरियो । त्यसलाई प्रयाप्त अधिकार, स्रोत र जनशक्ति पनि दिइएन । तिनले केही काम गर्न सकेनन् । जनयुद्धले निर्माण गरेका सारा घाउहरु समाजमा अहिले पनि आलै छन् ।

शान्ति प्रक्रियामा आइसकेपछि माओवादीमा अनावश्यक अहंकार, उत्तेजना सिर्जना भयो । तिनले यथार्थलाई सही ढंगले आत्मसात गर्न, परिस्थिति अनुरुपको नीति बनाउन पनि सकेन । प्रचण्ड प्रधानमन्त्री भएको बेलामा कतिपय उन्मादपूर्ण अव्यवहारिक निर्णयहरु गरिए । त्यो निर्णयको सिकार सरकार आफैं भयो । कटुवाल काण्ड, पशुपति काण्ड, प्रज्ञाप्रतिष्ठान लगायतका काण्ड तिनका उदाहरण हुन् ।

भिन्न सन्दर्भमा प्रवेश गरिसकेपछि त्यो परिवेश के हो, आफ्नो सामर्थ्य कति हो, हस्तक्षेप कसरी गर्ने, साथी को हो, शत्रु को हो त्यसलाई सही ढंगले निरुपण गरिएन । ती सबैको परिणाम अन्ततः के भयो ? आफैंले उठाएका मुद्दाहरुलाई आफैं कुल्चिदैं, जनयुद्धको नायक जो थियो, जनयुद्ध, गणतन्त्रक र संघीयताको उग्रविरोधीको माहोलमा गएर विलय भयो । त्यसैले शान्ति प्रक्रिया पुर्णरुपले असफल भयो ।

जनयुद्धकालमा वैचारिक र साँस्कृतिक काम नगन्य मात्रामा गरियो । समग्र जनयुद्धभरि बन्दुक खोज्ने, बन्दुक खोस्ने, बन्दुक किन्ने, बन्दुक पड्काउन सिक्ने र लड्ने काम बढी गरियो । वैचारिक संघर्ष, वैचारिक प्रशिक्षण अत्यन्त कम भयो । जनयुद्धबाट योद्धा निस्केर त आयो तर उसको दिमाख खोक्रो जस्तो देखियो । नेतृत्व आफैं पनि वैचारिक साँस्कृतिक दृष्टिकोणले समृद्ध भएको लाग्दैन । प्रचण्डको नाममा लेखिएका मोटा-मोटा ठेली निस्केका छन् । चुनुवाङबाट यता फर्केपछि प्रचण्डको नाममा एउटा पनि गतिलो लेख किन लेखिएनन् ? के ती ठेली प्रचण्डले नै लेखेका थिए ? मेरो प्रश्न र शंका छ । यदि ती प्रचण्डकै ठेली थिए भने त्यतो ज्ञान र मिहिनेत भएको मान्छे चुप लागेर बस्दैन । त्यसमा धेरै कुरा फर्जी भए जस्तो लाग्छ ।

माओवादी जनयुद्धमा सहभागी भएका छापामारहरु धेरै त खाडी मुलुकमा दास भएर भाँसिएका छन्, स्वदेशमै रहेका केहीले सानोतिनो धन्दा गरेका छन् र केही बेरोजगार छन् । तिनीहरु जनयुद्धको नायकप्रति क्षुब्ध र क्रुद्ध छन् । अहिले तिनीहरु मध्येबाट कोही बाहिर जान खोज्दा एरपोर्टबाट यिनले फर्काउँछन् कि भन्ने त्रास छ । माओवादी केन्द्र अनि परिवर्तनका मुद्दाको उग्रविरोधी खड्ग प्रसाद ओलीकहाँ विलय हुन किन गएको ? यसको उत्तर हो: शान्ति प्रक्रिया असफल भयो । शान्ति प्रक्रिया असफल भएपछि जनयुद्धकालका ज्यादतिलाई निहुँ या सन्दर्भ बनाएर हेग पठाइने खतराबाट बच्न र चर्मरक्षा गर्नको लागि तथाकथित एकता गरिएको हो ।

**भएनन् जायज मागहरुको सम्बोधन**

दश वर्षको माओवादी जनयुद्ध नेपालको इतिहासमा इतिहासभरिको ठूलो उथलपुथल थियो । त्यसका ज्यादती आफ्ना ठाँउमा थिए । तर, त्यसले गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको मुद्दा उठायो । त्यसले केन्द्रीकृत भएको अधिकार, स्रोत र पहिचानलाई विस्तारित गर्ने एजेण्डा ल्यायो । मेची महाकालीका निमुखाको मुख खोल्यो र हरेक सामान्य नागरिक यो देश मेरो पनि हो, यो राज्यमा मेरो पनि अधिकार छ भनी मुक्का उठाएर जाग्यो ।

जनअधिकारको लागि संघर्ष गर्नेहरु सत्ता प्राप्त भएपछि आफैं किन शासकमा परिणत हुन्छन् र जनतालाई अधिकार दिन किन कन्जुस्याइ गर्छ भन्ने प्रश्न आफैंमा धेरै जटील प्रश्न हो । वास्तवमा, सुगौली सन्धि यता नेपाल कहिलै स्वाधिन रहेन । प्रत्यक्षरुपमा अरुको नियन्त्रणमा वा स्वाधीन केही पनि भएन । परिणामतः देशको मनोवल अत्यन्त कमजोर भयो । हाम्रो चरित्रनै यति कमजोर छ कि त्यो कुनै आफ्नो विश्वास, निष्ठामा दृढ भएर लामो समय टिक्दैन ।

तर, त्यसपछिका अधिकांश कदमहरु नेतृत्ववाटै गलत भएको हुनाले आफैंबाट संस्थागत भएनन् । तत्कालीन माओवादी र एमाले बीच जसरी एकता गरियो, त्यो आँफैले उठाएका मुद्दाको विरुद्धमा एकता गरियो ।

अहिले दुई तिहाईको कम्युनिष्ट भन्ने सरकार आफैंले संघीयतालाई मारिरहेको छ । देखिरहनु भएको छ: यो सरकारले सिंहदरबारमा केन्द्रीत भएको अधिकार केही पनि दिनेवाला छैन । प्रदेशको प्रहरी, कर्मचारी, साधनस्रोत तथा तिनको वितरणको नीति नियम छैन । त्यसैले अहिलेको प्रदेश कठपुतली प्रदेश हो । त्यसलाई अधिकार सम्पन्न, स्वायत्त बनाउन सिंहदरबारमा रुची नै छैन । खड्ग प्रसादले जे गरिरहनु भएको छ, आफ्नो धर्मपालना नै गरिरहनु भएको छ, उहाँ आफ्नो निष्ठामा हुनुहुन्छ । पुष्पकमलले त्यसलाई समर्थन गरेको देख्दा मलाई ग्लानी अनुभव हुन्छ ।

अर्को संग्रामको आवश्यकता

जनअधिकारको लागि संघर्ष गर्नेहरु सत्ता प्राप्त भएपछि आफैं किन शासकमा परिणत हुन्छन् र जनतालाई अधिकार दिन किन कन्जुस्याइ गर्छ भन्ने प्रश्न आफैंमा धेरै जटील प्रश्न हो । वास्तवमा, सुगौली सन्धि यता नेपाल कहिलै स्वाधिन रहेन । प्रत्यक्षरुपमा अरुको नियन्त्रणमा वा स्वाधीन केही पनि भएन । परिणामतः देशको मनोवल अत्यन्त कमजोर भयो । हाम्रो चरित्रनै यति कमजोर छ कि त्यो कुनै आफ्नो विश्वास, निष्ठामा दृढ भएर लामो समय टिक्दैन । त्यसको प्रतिविम्ब एमालेमा पनि देखियो, माओवादीमा पनि देखियो । चारित्रिक नैतिक दुर्वलताको कारणले जति आवेग र लहरको रुपमा उत्थान भयो र त्यतिनै छिटो त्यसरी नै पतन पनि भयो । अब माओवादी जनयुद्धले उठाएका परिवर्तनका मुद्दालाई संस्थागत गर्न अर्को संग्रामको आवश्यकता हुने भयो । यहि प्रक्रियाबाट यी मुद्दाहरु संस्थागत भएनन् । मुद्दाले अर्को संग्रामको माग गरेको छ ।

# नेपाल टेलिकम १३ औं सागको पार्टनर स्पोन्सर

काठमाडौं । नेपाल टेलिकम यही मंसिर १५ देखि २४ गतेसम्म नेपालमा हुनगइरहेको दक्षिण एशियाका सात मुलुकहरुले भाग लिने १३ औं दक्षिण एशियाली खेलकुद (साग) को पार्टनर स्पोन्सर बनेको छ ।

कम्पनीले १३ औं दक्षिण एशियाली खेलकूद प्रतिस्पर्धामा सहभागी सम्पूर्ण खेलाडी, पाहुना, आयोजक, कर्मचारी तथा सहयोगीहरुलाई नि:शुल्क फोरजी सिमकार्ड समेत उपलब्ध गराएको छ ।

काठमाडौं, जनकपुर र पोखरामा खेलिने यस खेल महोत्सवमा सहभागी सम्पूर्ण खेलाडी, पाहुना, आयोजक, कर्मचारी तथा सहयोगीहरुका लागि कम्पनीले ४ हजार ५ सय नि:शुल्क फोरजी सिमकार्ड उपलब्ध गराएको छ ।

सागको पार्टनर स्पोन्सर रहेको नेपाल टेलिकमका सेवाहरु सो खेलमा भाग लिन आउने विदेशी खेलाडी तथा पाहुनाका लागि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा नै काउण्टर राखी साग आयोजक कमिटीले प्रदान गरिरहेको छ ।

एकताको भावनामा बढोत्तरी गर्नसक्ने ठानिएको यो खेल प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्नका लागि नेपाल टेलिकमले खेल अवधिभर खेलस्थलहरुमा अतिरिक्त मोबाइल टावरको व्यवस्था गरेको छ । मोबाइल भ्यान तथा खेल स्थल वरपर थप गरिएका अन्य मोबाइल टावरहरुबाट सञ्चालित नेटवर्कले त्यस क्षेत्रमा कम्पनीका सेवाहरु सहजै र तीव्र गतिमा उपलब्ध हुनेछन ।

कम्पनीले खेलाडी, प्रशिक्षक, अफिसियल, जज, रेफ्री लगायत सम्पूर्ण खेलकर्मीहरुको आकस्मिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य हटलाइन सेवा एक महिनाका लागि नि:शुल्क उपलब्ध गराएको छ ।

यसका लागि ११६६ कजयचत अयमभ मार्फत कल गरेर यो सेवा लिन सकिने छ । कम्पनीले खेलस्थलहरुमा ग्राहक सेवाका साथै फोरजी लगायत अन्य सेवाको प्रचारप्रसार तथा व्यवसाय प्रवर्द्धन कार्यका लागि स्टल समेत राख्ने भएको छ । नेपाल टेलिकमले यस खेलमा सहभागी सम्पूर्ण खेलाडी तथा पाहुनाहरुलाई सुस्वास्थ्यको कामना गर्दै खेलको ऐतिहासिक सफलताको शुभकामना समेत व्यक्त गरेको छ ।

## पुस्तक चर्चा

# माधवानन्दको 'आह्वान'



तेजप्रकाश बानियाँ
पूर्व सहायकरथी

साहित्यकार माधवप्रसाद रिजाल (माधवानन्द) को पुर्ख्यौली वसोवासो धादिङ जिल्ला भएपनि सुबिधाको खोजिमा उनका बाबुले मधेशको बसाइँ रोज्नुभयो। उनको जन्म २००९ सालमार्ग २९ गते धनुषाको, जनकपुरधाम नजिकै खजुरीमा भएको हो। बाबु बैजनाथ उपाध्याय र आमा विष्णु देवी उपाध्यायको द्वितिय पुत्रको रूपमा जन्मिएका उनलाई साहित्य लेखनमा बाल्यकाल देखिनै रुचि थियो। शिक्षाको लागि घर नजिकैको खजुरी माध्यमिक विद्यालयमा भर्ना भएर त्यसैबाट प्रवेशिका उतीर्ण गरे। त्यस पछि भारतको बिहार विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरे। स्कुल पढाइका बखत उनी कविता कोर्थे र उनका रचनाहरू फाङफुट्ट स्थानीय पत्रिकामा प्रकाशित हुन्थे। तर पुस्तक प्रकाशित गर्ने अवसर भने मिलेको थिएन। हुँदाहुँदै २०२९ सालमा नेपाल यातायात संस्थानको नोकरीमा प्रवेश गरे। नोकरीमा २८ वर्ष पुरा गरी २०५७ सालमा अवकाश प्राप्त गरे।

अवकाश पछिको समयलाई साहित्य साधनमा लगाएर २०७२ सालमा पहिलो कृति 'हृदयको वेदना' कविता तथा कथा सङ्ग्रह प्रकाशित गरे। जुन पुस्तकको उद्देश्य मानिस नैतिकवान् हुनुपर्छ भन्ने छ। त्यसपछि २०७६ सालमा दोश्रो कृति स्वरूप आफ्ना बिचारहरू समेटेर 'राट्रिय आह्वान' (हिन्दु राष्ट्र नेपाल, आजको आवश्यकता) शीर्षकमा पुस्तक प्रकाशित गरेका छन्। साहित्यिक कार्यक्रमहरूमा कतैबाट निम्तो आएमा सम्भव भएसम्म उपस्थित हुने उनको स्वभाव रहेछ। यसै क्रममा डा. डिल्लीरमण पुस्तकालय लाजिम्पाटमा २०७६ मंसीर १ देखि ३ गतेसम्म आधुनिक साहित्य परिषद, नेपालले आयोजना गरेको तीनदिने भव्य पुस्तक विमोचन समारोहमा उनको र मेरो पहिलो भेट भयो। आ-आफ्नो परिचयसहित नमस्कार साटासाट गरियो। यस कार्यक्रममा विमोचित हुने करीव ७० भन्दा बढी पुस्तकहरूमध्ये उनको 'म कोपिला नामक' बाल कविता संग्रह पनि थियो। तर उनले माथि उल्लेखित यो पुस्तक फुत्त झोलाबाट निकालेर मलाई दिए। मैले धन्यवादसहित पुस्तक लिएँ।

विमोचनको तीनदिने कार्यक्रमपछि मैले उनले दिएको पुस्तक अध्ययन गरें। साह्रै सान्दर्भिक रहेछ। पुस्तकको बाहिरी कभरको माथिल्लो भागमा 'राष्ट्रिय आह्वान' (हिन्दु राष्ट्र नेपाल आजको अवश्यकता) लेखिएको छ। बीचमा नेपालको नक्सा र नक्साको दायाँपट्टि ॐकार झण्डा र बायाँपट्टि नेपालको झण्डा फहराएको छ। नक्साको मध्यभागमा ठूलो साइजको ॐ लेखिएको छ। त्यसैगरी पुस्तकको तल्लो भागमा विजयादशमी-२०७६ र माधवानन्द लेखिएको छ। पछाडिपट्टि कभरमा परिचय सहित लेखकको तस्वीर, वीचमा लेखकको केही भनाई र तल गौरी पव्लिक रिलेशन एन पव्लिकेशनको लोगो राखिएको छ। पुस्तकको कभरमा भएका चित्र र रङको उचित संयोजनले पुस्तक आकर्षक छ।




अन्तर्वस्तुको बारेमा भन्नु पर्दा उनले तडकभडकसाथ कसैबाट भूमिका, दुई शव्द, शुभकामना आदि नलेखाई आफैंले विजयादशमी २०७६को 'शुभकामना'बाट आरम्भ गरेका छन्। यसमा विश्वमानवलाई अटल र शान्त रही सारा प्राणीहरूलाई निरन्तर ताप तथा प्रकाश दिने र सम्पूर्ण ग्रहादिको रक्षा गर्न सक्ने सूर्य र कहिल्यै नओइलाउने फूल जस्तै बनुन् भनिएको छ। उनले सबै धर्मप्रति सम्मान गर्दै आफू हिन्दु भएकोले स्वधर्म संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले यो पुस्तक तयार गरेको कुरा पनि स्पष्ट पारेका छन्। साथै यसमा प्रयोग गरिएका शब्दले कसैमा अन्यथा पर्न गएमा क्षमा समेत याचना गरेका छन्

आफ्नो विषय वस्तुको आरम्भमा उनले श्रीमद्भागवतगीताको "***स्वधर्मे निधनं श्रेयः परधर्मो भयाबह***" भन्ने श्लोकबाट गरेका छन्। उनको भनाइमा बहुभाषी, बहुजाति, बहुधार्मिक हामी नेपाली सदियौंदेखि भाइचाराका साथ एक ढिका भएर बसोबास गदै आएका छौं। यसलाई मन नपराउने पश्चिमाहरूले धेरै वर्षदेखि हाम्रो सामाजिक बनोटलाई खलल पुऱ्याउने कोसिस गरेपनि असफल भएका थिए। जन आन्दोलन २०६२ ले यस्ता क्रियाकलापमा लागेकालाई बलेको आगोमा घिउ थपे जस्तो भयो। नेपाली कला संस्कृति रितिरिवाज बाबुआमाको सेवा जस्ता सामाजिक कार्यमा घट्दै गएको अभिरुचि देखेर लेखक चिन्तित छन्। यसै गरी जनआन्दोलन २०६२ मा जनताको एजेण्डामा नपरेको धर्म निरपेक्षतालाई नै मुख्य विषय बनाएर ८२ प्रतिशत हिन्दु भएको देशलाई हिन्दु राष्ट्र घोषणा नगरेर विदेशीप्रभुको इशारामा धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेकोमा पनि उनी चिन्तित छन्।

धर्म निरपेक्ष देशमापनि राष्ट्रिय रूपमा एउटा धर्मलाई सरकारले मानेको हुन्छ भन्ने धेरै उदाहरण दिएका छन्। त्यसको एउटा नमूना "अमेरिकामा वहुसंख्यक ईशाई भएको आधार मानी त्यहाँको न्यायालयको कानूनलाई ईशाको उपदेशद्वारा अनुप्राणित मान्छन्।" यसै गरी नेपालमा ८२ प्रतिशत हिन्दुहरूको वाहुल्यता भएपनि कुनै प्रकारको भेदभाव, छुवाछुत नभएको पनि धेरै उदाहरण दिएका छन्। त्यसको पनि नमूनमा "गुहेश्वरी"को पुजारी च्यामे जातको छन् भनिएको छ।

वैदिक परम्परादेखि मानिआएको सनातन हिन्दु धर्मले सबै धर्मलाई सम्मान गर्दछ। यसकै कारण आजसम्म धर्मलाई लिएर आन्दोलनहरू भएका छैनन्। धर्महरूमा जेठो धर्म पनि यही नै हो। यसको ज्यादै फराकिलो दायरा भएको हुनाले जुन धर्ममा आस्था भएपनि हामी नेपाली भाइचाराका साथ एक ढिका भएर बसेका छौं। यसलाई पश्चिमाहरूले पृथ्वीनारायण शाहकै पालादेखि खलबल्याउन खोजेका हुन् तर असफल रहे। केही वर्ष यतादेखि नेपालमा विद्यमान अशिक्षा, गरिबी र बेरोजगारीलाई हतियार बनाएर हामी माथि नै प्रहार गर्न खोजिरहेछन्। यसलाई जो कोही नेपालीले बुझ्नु पर्ने हुन्छ। यस्तो अवस्थामा आफ्नो धर्म, संस्कृति, रहनसहन, वेशभुषाको संरक्षण गर्न लेखकले पुस्तकमार्फत सजग गराएकाले यो सबैका लागि पठनीय छ। भविश्यमा पनि पाठकहरूसामु बौद्धिक खुराकको रूपमा माधवानन्दका यस्ता ज्ञानवर्द्धक पुस्तकहरू प्रकाशित भई रहुन् भन्ने कामनाका साथ कलम बन्द गर्दछु।

## गजल



हुँदैन बिहान सुर्यले किरण छरेर नगए
हुँदैन वर्षा बादलको पानी परेर नगए।

पारि छ घर नदि छ बिच जानेहो कसरी
वारि छ माझि डुङ्गामा पारि तरेर नगए।

चुम्दैन फूल पापी भमरा उडेर गैजान्छ
फुल्दैन फूल ओइलेका पात झरेर नगए।

बैशालु मन फक्रेको यौवन हुन्छ है अधुरो
प्रितिका भाव मायाले नजर भरेर नगए।

लाएको गुन भुल्दछ मान्छे हुँदैन असर
यो बैरी संसार बुझ्दैन कैले मरेर नगए।

अनुराधा शर्मा, काठमाडौं

## गजल



पैसा कमाउने जोसमा पैसैपैसाको शहर गएका छन्
हिजो आजका कलिला जवानीको रहर गएका छन्।

तन बेचेर आफ्नो बाल बच्चा पाल्नेलाइ बेश्या नभन्नु
के भन्नू र ?घर बेचेर उतैतिर बूढो र बहर गएका छन्।

मान्छेले जब आफैले आफैलाइ घृणा गर्न जान्दैन भने
घृणित ब्यक्तित्वको पलङमा किन अधर गएका छन्?

सभ्यता र संस्कारको खोल ओढ्ने ए इज्जतदार हरू
सांझमा चोक गल्लिमा किन तिम्रा नजर गएका छन्?

तिमी त मान्छे हौ तर मानव अझ्भै बन्न सकेका छैनौ
कहाँ देख्या छौ र यार नदी भेट्न सागर गएका छन्।

शब्दः जय कुमार पौडेल
हेटौंडाः ८ कमाने

## 'सरकार नै विद्यार्थीलाई निजी विद्यालयमा पढ्न प्रोत्साहित गर्छ'

काठमाडौं। सरकारले सार्वजनिक शिक्षा सुदृढीकरणको चर्को नारा लगाइरहेको बेला सरोकारवालाहरुले भने सरकार सार्वजनिक विद्यालको गरिबीकरणतर्फ उन्मुख रहेको आरोप लगाएका छन्।

शुक्रवार राजधानीमा एजुकेशन इन्टरनेशनलले गरेको शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरणको अवस्था : प्रभाव र न्यूनिकरण विषयक अन्तर्क्रियामा सरोकारवालाहरुले यस्तो बताएका हुन्।

विगतदेखि सामुदायिक विद्यालय मर्ज र बन्द गर्दै गएपनि नयाँ विद्यालय नखोलेको भन्दै सरोकारवालाहरुले सरकार आफैले विद्यार्थीहरुलाई निजीविद्यालयमा पढ्न प्रोत्साहित गरेको जिकिर गरेका हुन्।

कार्यक्रममा शिक्षाविद् प्राडा विद्यानाथ कोइरालाले निजी विद्यालयको नियमन भन्ने विषय नै हास्यस्पद रहेको बताए। निजी विद्यालय कस्का हुन ? प्रश्न गर्दै उनले राजनीतिक नेता देखि प्राध्यापक, शिक्षक, कर्मचारी सबैको लगानी भएको निजी विद्यालय नियमन हुनै नसक्ने जिकिर गरे।

निजी विद्यालय नियमनका विश्वमा विभिन्न मोडलहरु रहेको चर्चा गर्दै प्राडा कोइरालाले चाइनामा कम्युनिस्ट पार्टीले, अमेरिकामा स्वतन्त्र व्यक्तिहरु र बेलायतमा कर्मचारीद्वारा निजी विद्यालयहरु नियमन गरिनेगरिएको उल्लेख गरे। नेपालमा कसले गर्ने हो ? पहिले निर्क्योल गरौं-कोइरालाले भने।

शिक्षामा रुपान्तरणको नारा धेरै लागेपनि आफु कोहीपनि रुपान्तरित हुन नचाहेको प्रति व्यङ्ग्य गर्दै कोइरालाले शिक्षा रुपान्तरण भनेकै शिक्षक रुपान्तरण भएको स्पष्ट पारे। शिक्षक कम्प्युटर चलाउँदैनन्, विद्यार्थी घरमा कम्प्युटर नचलाई विद्यालय आउदैनन्, अनि कसरी हुन्छ शिक्षामा रुपान्तरण ? कोइरालाले प्रश्न गरे।

अभिभावक संघका अध्यक्ष शुप्रभात भण्डारीले शिक्षामा निजीकरण, व्यापारिकरण मात्रै होइन माफियाकरण हावी रहेको आरोप लगाए। संविधानले शिक्षालाई मौलिक अधिकार मानेपनि सार्वजनिक विद्यालयले न्यून र निजी विद्यालयले मनपरी शुल्क लिइरहेको उनको भनाइ थियो।

निजी विद्यालयमा विद्यार्थीमाथि आर्थिक, मानसिक र शारिरीक श्रोषण भइरहेको भन्दै भण्डारीले त्यसबाट शिक्षकहरुसमेत पीडित रहेको बताए। सार्वजनिक विद्यालय प्रति स्वयं शिक्षकहरुले नै विश्वास नगरेका भन्दै भण्डारीले शिक्षाले गरिवी न्यूनिकरण गर्नुपर्नेमा उल्टै बढाइरहेको टीप्पणी गरे। शिक्षामा समतामूलक विकास विकास र शिक्षाको सुदृढीकरणका लागि पहिले निजीविद्यालयमा अंकुश लगाउनुपर्नेमा उनको जोड थियो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक बाबुराम पौडेलले सरकार सार्वजनिक शिक्षाको सुदृढीकरण प्रति प्रतिबद्ध रहेको जिकिर गरे। राष्ट्रिय शिक्षा नीति जारी भएको र यसले निजीशिक्षालाई नयाँ तरिकाले नियमन र व्यवस्थापन गर्ने उनको जिकिर थियो। सबैपक्ष सार्वजनिक शिक्षाको विकास र सुदृढीकरणमा एक भएर लाग्नुपर्नेमा पौडेलको जोड थियो।

कार्यक्रममा नेपाल शिक्षक महासंघका अध्यक्ष बाबुराम थापाले संविधानले शिक्षालाई मौलिक हक मानेपनि यसमा भइरहेको निजीकरण र व्यापारिकरणले खतरा उत्पन्न गराइरहेको बताए। महासंघ सदैव सार्वजनिक शिक्षाको सुदृढीकरणको पक्षमा रहेको उनको भनाइ थियो। एजुकेशन इन्टरनेशनलले पनि शिक्षामा निजीकरण र व्यापारीकरणविरुद्ध आवाज उठाइरहेको उनको भनाइ थियो। महासंघ कुनै बतासे संगठन नभएको भन्दै थापाले आफुहरुको सहभागिता बिना बनेका कुनैपनि नीति र नियम कार्यान्वयनमा महासंघले नसघाउने स्पष्ट पारे।

नेपाल शिक्षक संघका अध्यक्ष राजेन्द्रराज पौडेलले निजी विद्यालयहरु संविधान र ऐननियम अनुसार चल्नुपर्ने अन्यथा विस्थापित हुनुपर्ने बताए। निजी विद्यालयहरुलाई अब धेरैबेर खुला छाड्न नसकिने उनको भनाइ थियो। शिक्षा केवल नाफामुखी ब्यापार मात्रै बन्न नहुने भन्दै पौडेलले सार्वजनिक शिक्षाको सुदृढीकरणमा सरकार पनि प्रष्ट हुन आवश्यक रहेको बताए।

अन्तर्क्रियामा प्रस्तुति दिँदै नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष लक्ष्मण शर्माले बहुसंख्यक निजी विद्यालयहरु नाफा कमाउने उद्देश्यले खोलिएका आरोप लगाए। सन् १९८० मा नेपालमा निजी विद्यालय नै नभएको भन्दै शर्माले प्रजातन्त्रपछि शिक्षामा निजीकरण भित्रिएको बताए। हाल प्राथमिक तहमा १५.३, निमावि तहमा १६.२ र मावि तहमा निजी विद्यालयको १९.३ प्रतिशत हिस्सा रहेको उनले स्पष्ट पारे।

# शब्द संसारको कार्यक्रम लप्सीफेदीमा गुन्जियो

काठमाडौं। काठमाडौं शब्दको संसारमा प्रतिभाको लागि बाचन मञ्चद्वारा आयोजित शब्द संसार अर्न्तगत मञ्च बिहिनको मञ्च कार्यक्रम गएको शनिबार काठमाडौंको शखरापुर नगरपालिका लप्सीफेदी वाडन ४ को मैत्री सेवा आश्रममा गंगा खडकाको कविता

*फुलेका फुल सबै बोट मै हुदैनन्*
*झर्ने जति मर्छन, नझरेका बसी रुँदैनन्*
*घामपानी हावाहुरी खप्ने जति*
*बन्नेछन् सलिग्राम जोसुकैले छुदै छुदैनन्*

भनि कबितावाट कार्यक्रम शुरु भएको थियो कार्यक्रम जेपी प्रतिष्ठानद्धारा निर्मित मौत्री सेवा आश्रमको आगानमा भएको थियो कार्यक्रम बिशेष गरेर त्यस आश्रममा उत्साहपुर्वक शान्त बातावरणमा बृद्ध अवस्थामा पुग्नुभएका कुनैबेला नेपालको सरकारी स्थाइ जागिरमा प्रोफेसर भएर काम गर्नुभएको राधा शर्मा ( चालिसे ) देखि बिभिन्न क्षेत्रमा योगदान पुऱ्याएका ब्यात्तिात्वहरु बृद्धबृद्धाहरु उक्त आश्रममा रहनु भएको छ। उहाहरुको बीचमा शब्दको संसारमा प्रतिभाको लागि बाचन मञ्चले अर्न्तक्रिया गर्नुको साथै रचना सुनाउने काम पनि भएको थियो र



बृद्धाबृद्धाहरुको अनुभब जीवनी र सुझाब पनि लिएको थियो।

कार्यक्रमको सभापतित्व जेपी प्रतिष्ठानका अध्यक्ष मित्रसेन दाहालले गर्नुभएको थियो कार्यक्रमको सञ्चालन गंगा खडकाले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन लीलामाया ढकाल गौतम, र रेजु पोखेलले गर्नुभयो त्यसैगरी कार्यक्रममा आमन्त्रित गौरी पब्लिकेशन प्रा.लि.का अध्यक्ष दामोदर ढकाल र हाम्रा यस जनआकाशका अध्यक्ष मोहन कार्कीले कार्यक्रमको सफलाको शूभकामना दिनुभएको थियो।

कार्यक्रममा बोल्दै सभापति मित्रसेन दाहालले नेपालको पहिलो र नविनतम् आश्रम हो यो याहा तपाइहरुले यसरी कार्यक्रम ल्याइदिनु भयो यो अत्यन्तै राम्रो काम भनि प्रशंसा गर्नुभयो भने र अन्य बृद्धा आश्रम जस्तो यो नभएर याहा कसैले याहा आइ मैले यो दिए त्यो दिए भन्ने चलन याहा छैन याहा छुट्टै खालको बाताबरण छ। याहा कसैले दुखः पाएर कसैले हेला गरेर आएका बुवा आमाहरु हुनुहुन्न याहा त आफ्नै खुसीले शान्त बातावरणमा रमाउन चाहानुहुने ब्यात्तिात्वहरु हुनुहुन्छ त्यसैले याहाहरुलाइ मेरो आग्रह छ यो सन्देश सबैमा पुऱ्याइ दिनुस र यस्तै कार्यक्रमहरु भइरहने हो भने याहा बुबा आमाहरुमा पनि उर्जा थपिन्छ भन्दै कार्यक्रमको सफलताको शूभकामना दिनुभएको थियो।

कार्यक्रमको अन्त्यमा रेजु पोख्रेलले कार्यक्रममा सहभागि आमन्त्रित सभापति सबैलाइ धन्यवाद दिनुभएको थियो।

शब्दको संसारमा प्रतिभाको लागि बाचन मञ्च नामक साहित्यतिक संस्था हो यस संस्थाका ४ जना संयोजकहरु रहेकाछन् लीलामाया ढकाल गौतम, शान्ता पोख्रेल, शान्त पोख्रेल, गंगा खड्का भने संक्षकमा कमल ढकाल रहेका छन्।

उनिहरुले हालसम्म पाचौ संस्करण कार्यक्रम गरिसकेका छन्।

## सागको ...

रमाउने उज्यालो दिन राष्ट्रका खेलाडीले गर्ने मेहनत राष्ट्रिय खेलाडी उत्पादन गर्न खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्ले राम्रो वातावरण मिलाई निष्पक्ष, स्वतन्त्र र अनुशासित योग्य, दक्ष खेलाडीहरु उत्पादन गरी नेपालको चन्द्र सुर्य अंकित झण्डा मुनि थुप्रै अन्तर्राष्ट्रिय पदक जितेर धेरै भन्दा धेरै नेपाली खेलाडी जम्मा होउन् सबै नेपालीको आशा रहेको छ ।

जब नेपालका खेलाडीहरु विश्वका कुनै पनि देशमा खेल खेल्न जाँदा सबै नेपालीहरुले खेलप्रति चासो राख्छन् र समय मिलेका जतिले खेल हेरेर हृदयदेखि नै नेपाली खेलाडीको जितको कामना गरिरहेका हुन्छन् ।

अहिले यतिबेला त आफ्नै देश नेपालले २० वर्ष अगाडि स्थापना अर्थात् पहिलो साफ आयोजना गरेको थियो र अहिलेसम्म आइपुग्दा तेश्रो पटक नेपालले सागको आयोजना गर्ने मौका प्राप्त गरेको छ । दक्षिण एसियामा सबैभन्दा सुन्दर शान्त र सभ्य भएका मानिस छन् भने त्यो नेपालका नेपाली हुन् । यहाँ खेलकुद आयोजना गर्दा आगन्तुक राष्ट्रका खेलाडीहरुलाई गरिने आदर सत्कार मैत्रीपूर्ण छ ।

नेपालले आयोजना गरेका खेलहरुमा कहिल्यै पनि झेल, धाँदली हुँदैन नेपाल राष्ट्र यस्तो राष्ट्र हो विश्वको सर्वोच्च शिखर सगरमाथा भएको देश, विश्वका शान्तिका दुत मानवता रक्षाका लागि अपरिहार्य गौतमबुद्धको जन्मभूमि साथसाथै विश्वको पृथक शैलीमा ऋृषिमुनिहरुको देश जहाँ भगवान पशुपतिनाथ मन्दिर र थुप्रै देवालय रहेका छन् । यही गौतमबुद्धको उपदेश मानेर शान्तिको कामना गर्ने, सधैं सगरमाथाको सफा रुप हेरेर मनलाई सफा राख्ने, भगवान पशुपतिनाथको अन्यायलाई न्याय गर्ने आस्था बोकेका नेपालीहरुले खेलकुदमा पनि विवाद र भेदभाव हुन दिँदैनन् ।

त्यसैले नेपालमा आयोजना हुने खेलहरुले खेलकुद मनोरञ्जनको मज्जा लिनु त छँदैछ रंगशालाको दक्षिणी तर्फबाट उत्तरतर्फ फर्केर खेल हेर्ने दर्शकलाई गौरीशंकर, गणेश हिमाल हिमालय पर्वतहरुको सुन्दर प्राकृतिक मनोरञ्जन समेत लिन सकिन्छ ।

हो यही नेपाल देशमा १३औं अन्तर्राष्ट्रिय साग खेलकुद भइरहेको छ । यो सिंगो देश नेपालले गर्व गरेको छ । सबै नेपालीहरु एक ढिक्का भएका छन्, सबै नेपालीको चाहना नेपाली खेलाडीहरुले पदक जितुन् भन्ने छ । तर खेलमा हारजित स्वभाविक हो । राम्रो खेल्नेले जित्छ । हार हुनेले मित्रतापूर्वक विजय हासिल गर्नेलाई बधाई दिनुपर्छ दिन्छन् जित्दाखेरी बधाई लिन्छन् पनि त्यो गुण हाम्रा नेपाली खेलाडीहरुमा छ । नेपाली दर्शकहरुमा पनि धैर्यता आफ्न खेलाडीलाई प्रोत्साहन गर्ने र कथमकदाचित हार भएमा अभद्र व्यवहार गर्नु हुँदैन भन्ने संस्कार नेपालीहरुले बनाई सकेका छन् कहिलेकाहिँ अपवाद हुनु भन्दा अन्य त्यस्ता अभद्र व्यवहार नेपाली दर्शकबाट हुन गएको छैन ।

आशा गरौं १२ वर्षे द्वन्द २०७२ को महाभूकम्प र २०७३ सालको भारतीय नाकाबन्दी अनेकौ कष्टपूर्ण जीवनबाट संघर्ष गर्दै उठेका हामी नेपालीहरुले हिमालयको देश नेपालमा सागको खेलकुदको सफल आयोजना पछि पनि अन्य अन्तर्राष्ट्रिय विशेष गरेर क्रिकेट र फुटबलको आयोजना गर्ने सम्मको सोच राखेर काम गर्नुपर्छ जसले हाम्रो नेपालमा खेलकुद पर्यटनको विकास सँगसँगै अनुभव प्राप्त र दक्ष खेलाडी उत्पादन गर्न सहयोग पुग्छ । जय नेपाल, जय खेलकुद ।

## गौरी ...

जनयुद्धकालमा आफ्नो गलत फाइदा उठाउन जाली फटाहाहरुले कसरी माओवादीलाई समेत प्रभाव पारेर निर्दोष मारेको र गलत नियतले गाउँघरमा मानिस मारेर माओवादकिो नाम लिएको जस्ता सन्देशमुलक छायाँकन थिए भने समाजबाट कुरिती, अत्याचार, भ्रष्टाचार निर्मुल पार्नको लागि सबैभन्दा महत्वपूर्ण शिक्षा हो भन्ने देखाइएको छ । शिक्षाको माध्यमबाट जस्तोसुकै मुर्खलाई तह लगाउन सकिन्छ भन्ने सन्देश चलचित्रमा थियो र समाज परिवर्तनको लागि नारीहरुले पनि योगदान गर्न सक्छन् आफ्नो सारा घर परिवार तहस नहस हुँदा समेत लक्ष्मीले समाज प्रति पुऱ्याएको योगदानले दर्शकका आँखामा आँशु समेत बर्षाएको थियो ।

त्यसर्थ गौरी पब्लिकेशन प्रालिले लक्ष्मी रानी चलचित्रकी निर्माता शुभेक्षा थापालाई गरेको सम्मान सम्मानित योग्य छ भन्ने सबैले चलचित्र हेरिसकेपछि पनि व्यक्त गरेका थिए ।

## भक्तपुर ...

निर्वाचनका बेला सडकमा चलाइएका डोजरहरूलाई काम पूरा नहुँदासम्म फिर्ता गर्न नदिने बताए ।

'अब भक्तपुरमा कुनै डोजर चल्नेवाला छैन । जहाँ-जहाँ डोजर चलेका छन् । जहाँ ठेक्का लागेका छन् त्यसलाई निरन्ततार दिने काम नेपाली कांग्रेसले गर्नेछ', उनले भने, 'प्रचण्डका घरबेटी शारदा अधिकारीको शैलुङ कन्ट्रक्सन किन नहोस् सबैलाई कांग्रेसले काम गर्न दवाव दिनेछ ।'

'यहाँका बाटोघाटो नबनेसम्म कुनैपनि ठेकेदारलाई छाड्ने छैनौं । निर्वाचनका बेला जहाँ जहाँ डोजर चलेका छन् ती डोजरहरूलाई कब्जा गरेर राख्नुस्', उनले भने, 'डोजर कब्जा गरेर गाउँ, ठाउँ र बस्तीको विकास नेपाली कांग्रेसको नेतृत्वमा हुन्छ । रातारात बाटो बनाउन आउने ठेकेदार खबरदार । घरबेटी ठेकेदार खबरदार । अधुरा कामलाई छाड्ने छैनौँ ।'

'दुई महिनाभित्र नगरकोटको सडक सम्पन्न भएन भने ती डोजरहरू कब्जा हुनेछन् । सात वर्षसम्म नबनेको बाटो भोट लिने नाममा रातारात डोजर लगाइएको छ', उनले भने ।

'आफै पैसा बाँड्ने । अनि नेपाली कांग्रेसले पैसा बाँड्यो भनेर आरोप लगाउने । नेपाली कांग्रेसले पैसा बाँडेर जित्ने पक्षमा छैन', उनले भने, 'यी सुन्निएका कम्युनिस्टहरू अर्को निर्वाचनसम्म नेपाली कांग्रेसले निचोरेर, घिसारेर साइजमा ल्याउनेछ ।' 'भ्रष्टाचार गरेर कम्युनिस्ट सुन्निएका हुन् । यो निर्वाचन महँग, भ्रष्टाचार, सरकारको ज्यादतीका विरुद्ध हो', उनले भने ।

'सरकार टिचिङ हस्पिटलको बेडमा भएपनि सच्चिनुपर्छ । सरकार सिङगापुर र स्वीजरल्याण्ड भएपनि सच्चिनुपर्छ । सरकार अमेरिकाको अस्पतालमा भएपनि सच्चिनुपर्छ', सभापति थापाले भने, 'सरकारले जनताको पक्षमा काम गर्नुपर्छ । निर्वाचनले यहि आदेश दिएको छ ।'

नेपाली कांग्रेसका नेता एवम् भक्तपुर क्षेत्र नम्बर १ 'क'बाट नवनिर्वाचित प्रदेश सांसद कृष्णलाल भँडेलले आफू सधैं जनताको दाजुभाईका रुपमा जनताका माझमा रहेर काम गर्ने बताए । 'मलाई प्रदेश सांसदका रुपमाभन्दा पनि आफ्नो दाजुभाईका रुपमा लिनु होला', उनले भने, 'हाम्रो क्षेत्रको विकासका लागि सधैं लाग्नेछु ।'

राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त)का केन्द्रीय सदस्य रविन्द्रप्रताप शाहले कम्युनिस्टहरूले अपांग देख्ने राप्रपा (संयुक्त)ले ढोकाको चुकुल खुस्काइदिएको बताए । उनले भक्तपुरबाट कम्युनिस्टहरूको पतन शुरु भएको बताए । भक्तपुर क्षेत्र नम्बर १ 'क'को अन्तिम परिणाम सार्वजनिक भएपछि नेपाली कांग्रेस र राप्रपा (संयुक्त)ले भक्तपुरमा विजयी सभा गरेको थियो ।

विजयी सभामा नेपाली कांग्रेसका केन्द्रीय सदस्य मोहनबहादुर बस्नेत, नेपाली कांग्रेसका युवा नेता एवम् पूर्वसांसद रामहरि खतिवडा, नेपाल तरुण दलका उपाध्यक्ष उत्तम चापागाइँ, नेपाल तरुण दल भक्तपुरका अध्यक्ष राजु थापा, नेपाली कांग्रेसका नेता गणेश लामा, राप्रपा (संयुक्त)का भक्तपुर अध्यक्ष रामशरण लामिछानेलगायतका हजारौं नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

## यसरी ...

कारण पनि उनको र अहमपन नै हो । भरतपुर महानगरलाई स्मार्ट सिटी बनाउने भन्ने सपना बाँड्ने नगरप्रमुख रेणु दाहालले पैदन यात्री हिँड्ने फुटपाथमा सवारी साधनको लाइन र फलफुल बेच्नेहरुको मार्केट बनाउनुले पनि बाबु छोरीको सस्तो लोकप्रियतालाई राम्रैसँग पहिचान गराउँछ ।

यसपटकको उपनिर्वाचनमा केही वडाहरुबाट कम्युनिष्ट उम्मेदवारहरु हारेता पनि अन्य ठाउँका उपनिर्वाचनमा कम्युनिष्टहरुले जितेको रिपोर्ट पनि आएको छ । चितवनका ३ वडा हार्दैमा कम्युनिष्टको राजनीति समाप्त हुने त होइन, तर नेपाल कम्युनिष्ट पार्टीका कार्यवाहक अध्यक्ष र सांसद समेत रहेका पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालको गृह जिल्ला भनेर चिनिएको चितवनमा भने प्रचण्डको राजनीति सकिनै लागेको चर्चा परिचर्चा सुनिरहेका कम्युनिष्टकै कार्यकर्ता पनि आश्चर्यचकित भएका छन् र पुर्पुरोमा हात राख्न बाध्य भएका छन् । किनकी आगामी संसदीय निर्वाचनमा चितवनबाट प्रचण्ड हार्नु भनेको पार्टीपंक्ति नै हार्नु हो भन्ने चर्चा चलिरहेका अवस्थाबारे राप्रपा संयुक्तका जिल्ला कार्य समितिका सदस्य विष्णु सेञ्जुरी भन्छन्- यो उपनिर्वाचनमा कम्युनिष्ट हार्नुको मुख्य कारण काँग्रेससँग राप्रपा संयुक्तको गठबन्धन र अर्को कारण भनेको ज्येष्ठ नागरिकप्रति अपमानजनक शब्द बोलेको कारण नै प्रमुख जिम्मेवार रहेकोले प्रचण्डलाई सबक सिकाउन जनताले सजाय दिएका हुन् । विष्णु सेञ्जुरीले काँग्रेसलाई ठिक पार्टी भनेर आफूहरुले त्यसका उमेदवारलाई सघाएको नभई तातो फलामको रातो आगोको तुलनामा कालो कोइलाको आगो नै ठिक भन्दै काँग्रेसका उम्मेदवारलाई सघाएका हौं भने

## एनआईसी एशिया बैंक र युनाईटेड इन्स्योरेन्स कम्पनीबीच सम्झौता

**काठमाडौं ।** एन आई सी एशिया बैंक लिमिटेड र युनाईटेड इन्स्योरेन्स कम्पनी लिमिटेड बीच एन आई सी एशिया बैंकको डिजिटल च्यानलमार्फत् युनाईटेड इन्स्योरेन्स कम्पनीका ग्राहकहरुले प्रिमियम भुक्तानी गर्न सकिने सुविधा प्रदान गर्ने सम्झौता भएको छ । सम्झौता बमोजिम युनाईटेड इन्स्योरेन्सका ग्राहकहरुले एन आई सी एशिया बैंकको मोबाइल बैकिङ्ग लगायत एनसीएचएल-कनेक्ट आईपीएस, पस, क्यू आर कोड स्क्यान गरी आफ्नो प्रिमियम भुक्तानी गर्न सक्नुहुनेछ । सो सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कुमार राठीज्यू र युनाईटेड इन्स्योरेन्स कम्पनी लिमिटेडको तर्फबाट निमित्त प्रमुख कार्यकारी अधिकृत रमेश कुमार भट्टराईज्यूले हस्ताक्षर गर्नुभयो । सम्झौतासँगै ग्राहकवर्गहरुले छिटो छरितो रुपमा आफूलाई पायक पर्ने स्थानबाटै डिजिटल माध्यमबाट इन्स्योरेन्सको प्रिमियम विश्वसनीय र पारदर्शी रुपमा भुक्तानी गर्न सक्नुहुनेछ भन्ने विश्वास बैंकले लिएको छ ।




बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर ३१० शाखा कार्यालयहरु, ३९३ एटिएम, ९२ वटा एक्स्टेन्सन काउण्टर एवं ४३ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । करिब १९ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।







जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस